कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम काम कारोवार गर्न इजाजतपत्र प्राप्त

उन्नति माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड
Unnati Microfinance Bittiya Sanstha Limited
नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्रप्राप्त संस्था (१० जिल्ला कार्यक्षेत्र भएको)

# उन्नति माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड

## Unnati Microfinance Bittiya Sanstha Limited

सिद्धार्थनगर नगरपालिका १२, रुपन्देही
फोन न. ०७१–५२११२६, ०७१–५२११२७ र फ्याक्स नं.०७१–५२११२७
इमेलः info@unnatimfi.com.np वेभसाइटः unnatimfi.com.np

# विवरणपत्र

(धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित)

| विवरण | वास्तविक | | | | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | ०७०/७१ | ०७१/७२ | ०७२/७३ | ०७३/७४ | ०७४/७५ | ०७५/७६ | ०७६/७७ |
| प्रति शेयर आम्दानी (EPS) | (१.६९) | (२६.६२) | ७.२१ | ४४.०१ | ३२.४० | ३४.१६ | ३७.३३ |
| प्रति शेयर नेटवर्थ | ९८.३१ | ७१.६९ | ९३.०६ | १३८.४६ | १५९.३३ | १९३.४९ | २३०.८२ |

कम्पनीले आफ्नो जारी पुँजी रु.५,५०,००,०००/-(अक्षरेपी पाँच करोड पचास लाख मात्र) मध्ये ३०% अर्थात रु. १,६५,००,०००/- (अक्षरेपी एक करोड पैसट्ठी लाख) रकम बराबर प्रति शेयर रु.१००।– अङ्कित दरका १,६५,००० कित्ता मध्ये ६,६०० कित्ता अर्थात कुल निष्काशनको ४% शेयर कर्मचारीहरुलाई र ८,२५० कित्ता अर्थात कुल निष्काशनको ५% शेयर सामूहिक लगानी कोषको लागि सुरक्षित गरिएको बाँकी १,५०,१५० कित्ता शेयर सर्वसाधारणमा निष्काशन गरिएको ।

**दरखास्तसाथ प्रति शेयर रु.१००/– को दरले (शतप्रतिशत भुक्तानी माग गरिएको)**

**लगानीमा हुने जोखिमसम्बन्धी उद्घोषण :**

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मूल्यांकन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मूल्यले सूचीकरण पश्चात् धितोपत्र बजारमा हुने कारोबार मूल्य नजनाउने हुँदा यस विवरणपत्रको दफा ८ र पृष्ठ ९-१० मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धि निर्णय लिन सुझाव गरिन्छ ।

**नियमन निकायको जवाफदेहीता नरहने उद्घोषण :**

यस विवरणपत्रमा उल्लेखित धितोपत्र सार्वजनिक निष्काशनका लागि तयार गरिएको हो । यस विवरणपत्रलाई धितोपत्र सम्बन्धी ऐन २०६३ बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृति प्रदान गरेको छ। यसरी बोर्डले विवरणपत्र स्वीकृति प्रदान गरेको कारणबाट कसैले पनि नेपाल धितोपत्र बोर्ड, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय वा सम्वद्ध अन्य नियमन निकायले विवरणपत्रमा उल्लेखित कुराको सत्यता वा निष्काशनकर्ता वा आयोजनाको आर्थिक सक्षमताको बारेमा कुनै प्रकारको प्रत्याभूत गरेको वा जिम्मेवारी लिएको मानिने छैन ।

नेपाल धितोपत्र बोर्डबाट विवरण-पत्रमा स्वीकृति प्राप्त मिति २०७४/०८/२९
कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरण-पत्र दर्ता मिति २०७४/०९ / ०९
धितोपत्र निष्काशन खुल्ला मिति : २०७४/०९ /२१
धितोपत्र निष्काशन बन्द हुने मिति (छिटोमा) : २०७४/०९ /२५
धितोपत्र निष्काशन बन्द हुने मिति(अन्तिम) : २०७४/१०/०५

**धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक :**

Siddhartha Capital Limited
Investing happiness

**सिद्धार्थ क्यापिटल लिमिटेड**
पो.व.नं.२१२००, नारायणचौर, नक्साल काठमाण्डौ,
फोन नं. ४४२०९२४/४४२०९२५ ,फ्याक्स नं. ४४२०९२९
इमेलः scl@siddharthacapital.com
वेव साइटः www.siddharthacapital.com

## ख.१. विवरणपत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषा :

क) "विवरणपत्र" भन्नाले कम्पनी ऐन २०६३ को दफा २३ बमोजिम र धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० बमोजिम प्रकाशित विवरणहरु भएको पुस्तिका सम्झनु पर्दछ ।

ख) "धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक" भन्नाले सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौं सम्झनु पर्दछ ।

ग) "संगठित संस्था/कम्पनी" भन्नाले निष्काशनकर्ता कम्पनी उन्नती माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड, सि.न.पा. १२ रुपन्देही, सम्झनु पर्दछ ।

घ) "धितोपत्र" भन्नाले संगठित संस्थाले जारी गरेको शेयर, स्टक, बोण्ड, डिवेन्चर, डिवेन्चर स्टक वा सामुहिक लगानी योजना सम्वन्धी प्रमाणपत्र वा नेपाल सरकारले जारी गरेको वा नेपाल सरकारको जमानतमा संगठित संस्थाले जारी गरेको ऋणपत्र, वचतपत्र वा बण्ड सम्झनुपर्छ र सो शब्दले धितोपत्र बजार मार्फत कारोबार हुन सक्ने वा हस्तान्तरण हुन सक्ने भनि बोर्डले तोकिदिएको अन्य धितोपत्र वा त्यस्तो धितोपत्र खरिद, बिक्री वा विनिमय गर्न सक्ने अधिकारपत्र समेत जनाउँछ ।

ङ) "संकलन केन्द्र" भन्नाले नेपाल धितोपत्र बोर्डबाट धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ बमोजिम धितोपत्रको दरखास्त संकलन गर्न अनुमति प्राप्त बैंक तथा वित्तिय संस्थाहरु र तिनका शाखा कार्यालयहरु सम्झनु पर्दछ ।

च) "नियमन निकाय" भन्नाले नेपाल धितोपत्र बोर्ड, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालयलाई सम्झनु पर्दछ ।

छ) "संस्थापक, संचालक, कार्यकारी प्रमुख तथा ब्यबस्थापन" भन्नाले उन्नती माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेडको संस्थापक, संचालक, कार्यकारी प्रमुख तथा ब्यबस्थापन सम्झनु पर्दछ ।

ज) "बोर्ड" भन्नाले नेपाल धितोपत्र बोर्डलाई सम्झनु पर्दछ ।

झ) "वित्तिय विवरण" भन्नाले संगठित संस्थाको वासलात, आय-व्यय विवरण, नगद प्रवाह विवरण सम्झनु पर्दछ र सो शब्दले इक्विटीमा भएको परिबर्तनको विवरण र लेखा नीति तथा लेखासंग सम्बन्धित टिप्पणीहरु समेत जनाउँदछ ।

## ख.२. विवरणपत्र तथा दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान :

**विवरणपत्र पाइने स्थानहरुः**

१. सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौ ।
२. उन्नति माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड, सि.न.पा. १२, रुपन्देही ।

साथै निष्काशन तथा बिक्री प्रबन्धकको वेभसाइट www.siddharthacapital.com, र निष्काशनकर्ता कम्पनीको वेभसाइट unnatimfi.com.np, वा नेपाल धितोपत्र बोर्डको वेभसाइट www.sebon.gov.np बाट समेत यस निष्काशनको लागि स्वीकृत विवरणपत्र हेर्न सक्नु हुनेछ ।

**दरखास्त फाराम प्राप्त गर्ने र दरखास्त बुझाउने स्थानहरु :**

नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई आस्वा (ASBA) सेवामा सहभागी बैक तथा वित्तीय संस्थाहरु ।

**ग.१. धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण :**

हामीलाई कम्पनी तथा यसका सञ्चालकहरूले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस कम्पनीको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट सन्तुष्ट हुनुको साथै विवरणपत्रमा लेखिएका आर्थिक विवरणहरू र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकाले लगानीकर्ताहरुलाई लगानीसम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुराप्रति विश्वस्त भई हामीले यो विवरणपत्र स्वीकृतीका लागि नेपाल धितोपत्र बोर्डमा धितोपत्र सम्बन्धी ऐन, २०६३ र धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ अनुरुपको योग्यता पुगेको प्रतिबद्धतापत्र (Due Deligence Certificate) प्रस्तुत गरेका छौं ।

**ग.२. संगठित संस्थाको उद्घोषण :**

**ग.२.क. संचालकको जिम्मेवारी तथा जवाफदेहिता सम्बन्धी उद्घोषण :**

यो विवरणपत्र हामीले पुनरावलोकन गरी अनुमोदन गरेको हुनाले यस विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरुका साथै निष्काशन तथा बिक्री प्रबन्धकलाई दिएको वित्तीय विवरण, अन्य विवरण, जानकारी तथा कागजातहरुका सत्यता र शुद्धता प्रति र धितोपत्र दर्ता तथा निष्काशन अनुमति प्रयोजनका लागि नेपाल धितोपत्र बोर्डमा पेश गरिएको विवरणपत्र र सो सँग सम्बन्धित अन्य विवरण तथा जानकारीहरुको शुद्धता तथा सत्यताप्रति यस विवरणपत्रमा हस्ताक्षर गर्ने हामी संचालकहरु व्यक्तिगत वा सामूहिक रुपमा जवाफदेहिता बहन गर्दछौं र धितोपत्र निष्काशनका लागि तोकिएका शर्त तथा आवश्यकताहरुको सम्बन्धमा आवश्यक जानकारी लिई हामी यो उद्घोषण गर्दछौं की तोकिएका शर्त तथा आवश्यकताहरु सबै पालना गरेका छौं र लगानीकर्ताहरुलाई लगानी सम्बन्धी सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएका छैनौं ।

**ग.२.ख. संगठित संस्थाको जवाफदेहिता सम्बन्धी उद्घोषण :**

यस उन्नती माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेडले प्रकाशित गरेको विवरणपत्र, सार्वजनिक प्रस्ताव, विज्ञापन वा अन्य कुनै सूचनामा उल्लेख भएका विवरण बाहेक संगठित संस्थाको बारेमा प्रकाशित अन्य कुनै सूचना वा जानकारीको जवाफदेहीता संगठित संस्थामा नरहने र त्यस्तो सूचना, जानकारी वा विवरणको आधारमा लगानी गरेमा सो को जोखिम लगानीकर्ता स्वयंले बहन गर्नुपर्नेछ ।

**ग.२.ग. नियमन निकायको नियमन व्यबस्थाको पालना सम्बन्धी उद्घोषण :**

प्रचलित कानून अनुसार आफ्नो उद्योग/व्यवसाय/सेवासँग सम्बन्धित नियमन निकाय (जस्तैः कम्पनी रजिष्ट्रारको कार्यालय आदी) को सार्वजनिक निष्काशन तथा अन्य नियमन व्यवस्था तथा निर्देशनहरुको पालना गरेको कुराको उद्घोषण गर्दछौं। साथै सार्वजनिक निष्काशन प्रयोजनको लागि तयार गरिएको विवरणपत्र र सो मा उल्लिखित सम्झौता वा अन्य विवरणहरु नेपाल धितोपत्र बोर्ड, नेपाल राष्ट्र बैंक र कम्पनी रजिष्ट्रारको कार्यालयमा पेश गरेका छौं । कम्पनी रजिष्ट्रारको मिति २०७४।०९।०९ को पत्रानुसार आ.व. २०७२/०७३ सम्म कम्पनी रजिष्ट्रारको कार्यालयमा संगठित संस्था अद्यावधिक रहेको छ ।

**ग.२.घ. संस्थापक, संचालक तथा कार्यकारी प्रमुख सम्बन्धी उद्घोषण :**

(१) यस संगठित संस्थाको संस्थापक, सञ्चालक वा कार्यकारी प्रमुख कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेका छैनन् ।
(२) यस संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख कालो सूचीमा रहेको अन्य संगठित संस्थामा सञ्चालक वा कार्यकारी प्रमुख रहेका छैनन् ।
(३) सार्वजनिक निष्काशनमार्फत सर्वसाधारणबाट पूँजी संकलन गरी बेपत्ता भएका वा संचालनमा नरहेका वा लगानीकर्ताहरूको हितविपरीत हुने कार्य गरेको संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख यस कम्पनीको सञ्चालक वा कार्यकारी प्रमुख छैनन् ।
(४) धितोपत्र सम्बन्धी कानून विपरीत कार्य गरेको कारण धितोपत्र बजार वा धितोपत्र व्यवसायीको अनुमतिपत्र खारेज भएको दश वर्ष पूरा नभएको संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख यस कम्पनीको सञ्चालक वा कार्यकारी प्रमुख छैनन् ।
(५) यस संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख धितोपत्रसम्बन्धी ऐनको दफा १०८ बमोजिम सञ्चालक वा कार्यकारी प्रमुख अयोग्य रहेका छैनन् ।

**ग.३. संगठित संस्था सम्बन्धी जानकारी :**

**ग.३.क. संगठित संस्थाको पृष्ठभूमि :**

**(क)** **संस्थाको नाम :** उन्नती माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड **(UNNATI MICROFINANCE BITTIYA SANSTHA LIMITED)**

**(ख)** **संस्था कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा :** कम्पनी ऐन, २०६३ तथा बैंक तथा वित्तीय संस्था, २०७३ अन्तर्गत स्थापित ।

**(ग)** **संस्थाको रजिष्टर्ड ठेगाना :** यस कम्पनीको रजिष्टर्ड कार्यालय लुम्बिनी अंचल, रुपन्देही जिल्ला, सिद्धार्थ.न.पा. वडा नं. १२ मा रहेको छ ।

**(घ)** **कारोवार गर्ने मुख्य स्थान :** यस वित्तीय संस्थाको कारोवार स्थान १० जिल्ला रुपन्देही, पाल्पा, प्युठान, कपिलवस्तु, अर्घाखाँची, गुल्मी, पर्वत, बाग्लुङ्ग, म्याग्दी र मुस्ताङ्ग जिल्ला रहेको छ । आवश्यकता अनुसार नेपाल राष्ट्र बैंकको स्वीकृति लिई यस वित्तीय संस्थाले आफ्नो कार्यक्षेत्र भित्रमा शाखा, उपशाखा वा अन्य कार्यालय स्थापना गरी कारोवार गर्न सक्नेछ ।

**(ङ)** **संगठित संस्थाको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरुः**

**कम्पनीको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छ :**

उन्नती माइक्रोफाइनान्स वित्तीय संस्था २०७०/०९/१७ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक लिमिटेड कम्पनीको रूपमा दर्ता भएको हो । यस वित्तीय संस्थाले मिति २०७१।०६।१३ गते वित्तीय संस्थाको रूपमा वित्तीय कारोवार गर्न नेपाल राष्ट्र बैंकबाट ईजाजतपत्र प्राप्त गरी मिति २०७१।०७।२१ गतेका दिनदेखि औपचारिक रुपले कारोवार शुभारम्भ गरेको यस वित्तीय संस्थाको कार्य क्षेत्र रुपन्देही, पाल्पा, प्युठान, कपिलवस्तु, अर्घाखाँची, गुल्मी, पर्वत, बाग्लुङ्ग, म्याग्दी र मुस्ताङ्ग जिल्ला रहेका छन् । यस वित्तीय संस्थाका संस्थापक तथा सञ्चालकहरुमा वित्तीय क्षेत्र, सरकारी, गैर सरकारी, शैक्षिक क्षेत्र, कृषि, उद्योग तथा व्यापार क्षेत्र एवम् व्यवस्थापनमा लामो समयदेखि कार्यरत अनुभवी प्रतिष्ठित व्यक्तिहरु रहनु भएको छ ।

वित्तीय संस्थाको प्रबन्धपत्रको दफा ४ तथा नियमावलीको नियम ४ मा उल्लेख भए बमोजिम नेपाल राष्ट्र बैंक ऐन २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी कानून तथा अन्य प्रचलित कानूनको अधीनमा रही वित्तीय कारोवार गर्ने यस वित्तीय संस्थाको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेको छ :-

(क) वित्तीय संस्थाको निक्षेपकर्ताको हकहितको संरक्षण र सम्बर्द्धन गर्दै स्वस्थ्य प्रतिस्पर्धाबाट विपन्न तथा निम्न वर्गलाई गुणस्तरीय तथा भरपर्दो लघु वित्तीय सेवा उपलब्ध गराउने ।

(ख) कृषि, लघुउद्योग, सेवा, लघुव्यापार तथा अन्य व्यवसायिक रुपले सम्भावना देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एवं उत्पादकत्व वृद्धिका लागि आवश्यक लघु वित्तीय साधन आन्तरिक तथा वाह्य स्रोतबाट जुटाई देशको औद्योगिक, व्यापारिक एवं कृषिक्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पुऱ्याउने,

(ग) उपलब्ध शीप, श्रम तथा पूँजीलाई उचित रुपमा परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवं रोजगारीमुलक व्यवसायको स्थापना, सञ्चालन, विकास विस्तार एवं प्रबर्द्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिवी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुऱ्याउने,

(घ) लघुवित्तीय सेवामा जोखिम कम गर्दै वित्तीय क्षेत्रको उदारीकरणमा मदत पुऱ्याई देशको अर्थतन्त्रलाई सबल तथा सुदृढ बनाउन सहयोग पुऱ्याउने,

(ङ) देशको समग्र लघुवित्तीय प्रणाली प्रति सर्वसाधारणको विश्वसनीयता अभिवृद्धि गर्न सहयोग पुऱ्याउने ।

**(च)** **संगठित संस्थाको कुनै सहायक कम्पनी भएमा सो सहायक कम्पनीको नाम, इतिहास र त्यसका मुख्य उद्देश्यहरुका साथै त्यसमा भएको लगानीको अंश (प्रतिशतमा) :** सो नभएको ।

**(छ)** **देहायका कुराहरु समेत उल्लेख गर्नु पर्ने (लागु हुने हदसम्म) :**

**(१)** **संगठित संस्थाले उत्पादन गर्ने वस्तु वा प्रदान गर्ने सेवाहरु**
वित्तीय संस्थाले प्रदान गर्ने मुख्य सेवाहरुमा निक्षेप संकलन, कर्जा प्रवाह र विप्रेषण भुक्तानी रहेका छन् ।

**(२)** **प्रयोग भएको वा गरिने प्रविधि :**
वित्तीय संस्था सेवा प्रदायक कम्पनी भएकोले माथि खण्ड (१) मा उल्लेखित सेवा प्रदान गर्न आवश्यक प्रविधि सम्पन्न रहेको छ ।

**(३)** **कुनै ब्रान्डनेम, प्रतिलिपि अधिकार, ट्रेडमार्क, इजाजतपत्र, प्राविधिक सहयोग सम्झौता र वित्तीय संस्थासँग सम्बन्धित बौद्धिक सम्पत्ति हक अधिकार :** सो नभएको ।

(४) **संगठित संस्थाले ओगटेको बजार क्षेत्र :**
२०७१/०६/१३ गते वित्तीय संस्थाको रूपमा वित्तीय कारोवार गर्न नेपाल राष्ट्र बैंकबाट ईजाजतपत्र प्राप्त गरी मिति २०७१।०७।२१ गतेदेखि "घ" वर्गको १० जिल्ला कार्यक्षेत्र भएको वित्तीय संस्थाको हैसियतले आफ्नो वित्तीय कारोवार सञ्चालन गर्दै आएको यस वित्तीय संस्थाले आ.व. २०७३/०७४ को अन्तसम्मको वित्तीय विवरण अनुरुप वित्तीय संस्थामा निक्षेप रु. १५,३३,९९,६८४.६६ र कर्जा प्रवाह रु. ५८,३६,९५,८४१.५४ रहेको छ । यस उन्नती माइक्रोफाइनान्स वित्तीय संस्थाले नेपालको बैंकिङ्ग क्षेत्रमा आफ्नो छोटो सञ्चालन इतिहासमा २७ वटा शाखा कार्यालय स्थापना गरी संचालनमा ल्याउन सफल भएको छ ।

(५) **नयाँ उत्पादन तथा सेवा सम्बन्धी योजना :**
समय सापेक्ष अनुसार नयाँ उत्पादन तथा सेवाको विकास गरी सम्भाव्य ग्राहकहरुको पहिचान गरेर आफ्नो व्यापार विस्तार गर्ने योजना रहेको छ ।

(६) **उत्पादन तथा सेवाको प्रमुख बजार र त्यसको माग र बिक्री वितरणको तरिका :**
वित्तीय संस्थाको प्रमुख बजार हाललाई रुपन्देही, पाल्पा, प्युठान, कपिलवस्तु, अर्घाखाँची, गुल्मी, पर्वत, बाग्लुङ्ग, म्याग्दी र मुस्ताङ्ग जिल्ला रहेको छ र हरेक वर्गका ग्राहकको आवश्यकता अनुरुप सेवाहरु उपलब्ध गराउदै लैजाने वित्तीय संस्थाको लक्ष्य रहेको छ ।

(७) **उत्पादन/ सञ्चालन क्षमता र सोको उपभोग स्थिति :**
बैंक तथा वित्तीय संस्थामा लामो अनुभव हासिल गर्नु भएको सञ्चालक/व्यवस्थापन दक्षताको आधारमा यस वित्तीय संस्थाले स्थापनाको छोटो समयमा नै वित्तीय बजारको राम्रो हिस्सा ओगट्न र ग्राहकहरुलाई राम्रो सेवा प्रदान गर्न सफल रहेको देखिन्छ ।

(८) **कच्चा पदार्थको श्रोत, किसिम र उपलब्धता :**
सो नभएको ।

(९) **गुण नियन्त्रणको लागि गरिएको व्यवस्था :**
बैंक तथा वित्तीय संस्था, शैक्षिक क्षेत्र, सरकारी सेवा उद्योग एवम् व्यापार क्षेत्रमा लामो अनुभव हासिल गर्नु भएका सञ्चालक/व्यवस्थापन समूह ग्राहकहरुको गुणस्तरीय सेवा, सुविधा तथा सन्तुष्टिको लागि तत्पर रहेका छन् ।

(१०) **अनुसन्धान तथा विकास :**
नेपालको बैंकिङ्ग तथा वित्तीय क्षेत्रमा प्रतिस्पर्धात्मक स्थिति रहेको आजको पृष्ठभूमिमा वित्तीय संस्थाले अनुसन्धान तथा विकासलाई उच्च प्राथमिकता दिई सो कार्यका लागि वित्तीय संस्थाका उच्च पदाधिकारीको मातहतमा एउटा छुट्टै "योजना तथा अनुसन्धान" एकाई खडा गरिनेछ । जसले नयाँ सेवाहरुको विकास मात्र नभई हाल प्रदान गरिएका सेवाहरुमा समय सापेक्ष रुपमा आवश्यक परिमार्जनहरु गर्ने नयाँ सेवाहरुको उपयुक्तताका सम्बन्धमा व्यवस्थापनलाई सुझाव उपलब्ध गराउनेछ । साथै वित्तीय संस्थाले ग्राहक वर्गमा नयाँ निक्षेपका योजनाहरु, ग्राहकमुखी सरल कर्जा सुविधा र विश्वसनीय नयां नयां प्रविधिको प्रयोग गरी आफ्ना ग्राहकहरुलाई प्रतिस्पर्धात्मक एवं गुणस्तरीय सेवा प्रदान गर्ने सोच राखेको छ ।

(११) **विगत १२ महिनाको अवधिमा संस्थाको सञ्चालनमा असर पर्ने गरी भएको वाधा, व्यवधान :** सो नभएको ।

(१२) **मजदुर संगठनसँगको सम्बन्ध र विगतमा कुनै औद्योगिक विवाद भएको भए, सो सम्बन्धी विवरण :** सो नभएको ।

(१३) **बजार, प्रतिस्पर्धा र अन्य समान उद्योगहरु बीच संगठित संस्थाको स्थिति :**
वित्तीय संस्थाको हैसियतमा केवल करिब २ वर्ष पुरानो वित्तीय संस्था भएता पनि यस क्षेत्रमा सञ्चालित अन्य बैंक वित्तीय सँस्थाहरु बीच वित्तीय संस्थाको स्थिति मजबुत रहेको छ । यस वित्तीय संस्थाको समान उद्योगहरु बीच प्रतिष्पर्धा भएतापनि आफ्नो छुट्टै पहिचान बनाउन सफल भई बजारमा आफ्नो स्थान ओगट्न सफल भएको छ ।

(१४) **प्रमुख ग्राहकहरुको विवरण (जस्तै-संस्थाको कूल वार्षिक कारोवारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने वा व्यवसायको लागि संस्था कुनै प्रमुख ग्राहकसँग निर्भर छ भने तत्सम्बन्धी विवरण)** : सो नभएको ।

(१५) **प्रमुख सप्लायर्सहरुको विवरण (जस्तै- संस्थाको कूल कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने सप्लायर्स वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख सप्लायर्ससँग निर्भर छ भने तत्सम्बन्धी विवरण)** : सो नभएको ।

**ग.३.ख. सम्पत्तिको विवरण :**

(क) **संगठित संस्थाको उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्था :**
यो संस्था सेवा मूलक वित्तिय संस्था भएकोले यसको वस्तु उत्पादन गर्ने प्रकारको उपकरण (प्लान्ट) नरहेको तथा अन्य सम्पत्तिको हकमा सो सम्बन्धी विवरण यसै विवरणपत्रको बुँदा ग(९)क मा आ.व.२०७३/०७४ को वासलातमा उल्लेख गरिए बमोजिम रहेको छ ।

(ख) **बुँदा (क) मा उल्लेखित सम्पत्ति संगठित संस्थाको आफ्नै सम्पत्ति हो या लिजमा लिएको, लिजमा लिएको भए लिजको अवधि (मिति समेत उल्लेख गर्नुपर्ने) :**
उक्त बुँदामा उल्लेखित सम्पत्ति वित्तीय संस्थाको आफ्नै रहेको ।

(ग) **यदि सम्पत्ति संगठित संस्थाको स्वामित्वमा रहेको भएमा उक्त सम्पत्ति माथि कुनै लियन वा मोर्टगेज भए सो सम्बन्धी विवरण :** सो नभएको ।

(घ) **आर्थिक वर्ष समाप्त भए पश्चात विवरणपत्र बोर्डमा पेश गरिएको मितिमा संगठित संस्थाको सम्पत्तिको किताबी मूल्य र बजार मूल्यबीच फरक भएमा सो को विवरण :**
वित्तीय संस्थाको सम्पूर्ण सम्पत्ति वास्तविक खर्चको हिसावमा कायम गरिएको छ र सोको पुनर्मूल्यांकन गरिएको छैन ।

(ङ) **सम्पत्तिको मूल्यांकन गरिएको तरिका सम्बन्धी विवरण :**
परलमोलमा नियमअनुसार गर्नुपर्ने ह्रास कट्टी गरी लेखामान अनुसार बाँकी रहेको वास्तविक सम्पत्तीलाई सम्पत्तीको रुपमा राखिएको छ ।

**ग.३.ग. भावी योजना तथा रणनीति :**

(क) **व्यवसाय/सेवाको बृद्धिका लागि संस्थाको भावी योजना र त्यस्तो योजनाको प्राप्तिका लागि चालिने समयवद्ध रणनीति :**
वित्तीय संस्थाले आफ्नो व्यवसाय/सेवाको बृद्धिका लागि चाल्ने भावी योजना र त्यस्तो योजनाको प्राप्तिका लागि चालिने समयवद्ध रणनीति निम्नानुसार छन् ।

- आगामी दिनहरुमा आफ्ना शाखा विस्तारमा थप जोड दिने ।
- यस वित्तीय संस्थाबाट सेवा लिई आयआर्जनमुलक कार्य गरी जीवनस्तर उकास्न लालायित सदस्यहरु समुहमा प्रवेश गराउन जोड दिई सदस्य संख्यामा बृद्धि ल्याउने ।
- वित्तीय संस्थाले आफ्नो शाखा विस्तारको हिसावले निक्षेप संकलन तथा कर्जा प्रवाह गर्नेछ ।
- भविष्यमा समेत ग्राहकहरुबाट माग भए बमोजिमका सेवा सुविधाहरु आफ्ना ग्राहक वर्गमा ल्याउन प्रयत्नरत रहेको छ ।
- सेवा ग्राहीको संख्यामा वृद्धि गर्दै लगिने छ ।

(ख) **प्रतिष्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थितिको आधारमा संगठित संस्थाको व्यवसायको भविष्य :**

देशको बैंकिङ्ग क्षेत्रमा हाल प्रतिष्पर्धा अत्याधिक रहेको छ र सोही कारणले गर्दा यस वित्तीय संस्थाले आफ्नो उल्लेख्य क्षेत्र ओगट्न विभिन्न रणनीतिका साथ अघि बढेको छ । वर्तमान आर्थिक, राजनैतिक र बैकिंङ्ग प्रतिष्पर्धा बीच सफलताका साथ अगाडि बढ्न वित्तीय संस्थाले आफ्ना सेवा तथा कार्यक्रममा भिन्नता, शाखा विस्तारमा बैंक नभएका अर्ध शहरी र ग्रामीण क्षेत्रमा जोड, आधुनिक तथा प्रविधियुक्त बैंकिङ्ग सेवा जस्ता रणनीति अवलम्वन गरेर अगाडि बढिरहेको छ । उल्लेखित रणनीतिको कारण वित्तीय संस्था आफ्ना लगानीमा रहेको जोखिमहरु कम गर्न सक्षम रहेको छ र भविष्यमा वित्तीय क्षेत्रमा एक भिन्न क्षेत्र ओगट्ने कुरामा दृढ रहेको छ ।

**ग.३.घ. सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :**

उन्नती माइक्रोफाइनान्स वित्तीय संस्थाको नियमावलीको नियम २७ मा भएको व्यवस्था अनुसार ७ (सात) जना सञ्चालक रहेको एक सञ्चालक समिति देहाय बमोजिम हुनेछ ।

| | |
|---|---|
| क. समूहका संस्थापक शेयरधनीहरुको समूहबाट मनोनित वा निर्वाचित | ४ (चार) जना |
| ख. सर्वसाधारण शेयरधनीहरुको प्रतिनिधित्व गरी निर्वाचित | २ (दुई) जना |
| ग. स्वतन्त्र व्यवसायिक विशेषज्ञ सञ्चालक | १ (एक) जना |

सञ्चालकहरुको कार्यकाल ४ (चार) वर्षको हुनेछ ।

यस वित्तीय संस्थाको नियमावलीको नियम २८ मा व्यवस्था भए अनुसार वित्तीय संस्थाको सञ्चालकको पदमा नियुक्त हुनको लागि कुनै पनि शेयरधनीले आफ्नो नाममा १०० (एक सय) कित्ता शेयर लिएको हुनुपर्नेछ । तर स्वतन्त्र व्यवसायिक विशेषज्ञ सञ्चालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा यो व्यवस्था लागु हुने छैन ।

**ग.४. पुँजी संरचना सम्बन्धी जानकारी :**

**(क) अधिकृत, जारी तथा चुक्ता पुँजी र संस्थाको स्थापना पश्चात् सो मा परिवर्तन भएको भए तत्सम्वन्धी विवरण :**

**अधिकृत पूँजी :** वित्तीय संस्थाको अधिकृत पूँजी रु. ११,००,००,०००।- (अक्षरेपी एघार करोड) रहेको छ । उक्त पूँजीलाई रु.१००।– का दरले ११,००,००० (एघार लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

**जारी पूँजी :** वित्तीय संस्थाको तत्काल जारी पूँजी रु. ५,५०,००,०००।- (अक्षरेपी पाँच करोड पचास लाख) रहेको छ । उक्त पूँजीलाई रु.१००।– का दरले ५,५०,००० (पाँच लाख पचास हजार) थान शेयरमा विभाजन गरिएको छ ।

**चुक्ता पूँजी :** वित्तीय संस्थाको हाल चुक्ता पूँजी रु. ३,८५,००,०००।- (अक्षरेपी तीन करोड पचासी लाख) रहेको छ जसलाई रु.१००/– का दरले ३,८५,००० (तीन लाख पचासी हजार) थान शेयरमा विभाजन गरिएको छ ।

यस विवरणपत्र मार्फत सर्वसाधारणलाई रु. १,६५,००,०००।- (अक्षरेपी एक करोड पैसठ्ठी लाख) रकम बराबरको शेयरको निष्काशन पश्चात् संस्थाको चुक्ता पूँजी रु. ५,५०,००,०००।- (अक्षरेपी पाँच करोड पचास लाख) हुनेछ ।

**अधिकृत, जारी तथा चुक्ता पूँजीमा भई आएको/परिवर्तन भएको भए तत्सम्बन्धी विवरण :**

| पूँजी सम्बन्धी विवरण | २०७०/०७१ | २०७१/०७२ | २०७२/०७३ | २०७३/०७४ |
|---|---|---|---|---|
| अधिकृत पूँजी | ४,४०,००,००० | ४,४०,००,००० | ८,८०,००,००० | ११,००,००,००० |
| जारी पूँजी | २,२०,००,००० | २,२०,००,००० | ४,४०,००,००० | ५,५०,००,००० |
| चुक्ता पूँजी | १,५४,००,००० | १,५४,००,००० | ३,०८,००,००० | ३,८५,००,००० |

**(ख) निष्काशन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप) :**

साधारण शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात् हुने माइक्रोफाइनान्स वित्तीय संस्थाको चुक्ता पूँजीको संरचना देहाय बमोजिम रहेको छ :

| समूह | शेयरधनीहरु | साधारण शेयर संख्या | पूँजी प्रतिशत (%) | चुक्ता रकम | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| क | संस्थापक शेयरधनीहरु | ३८५००० | ७० | ३,८५,००,००० | शतप्रतिशत |
| ख | सर्वसाधारण शेयरधनीहरु (कर्मचारी सहित) | १,६५,००० | ३० | १,६५,००,००० | ” |
| | **जम्मा** | **५,५०,०००** | **१००** | ५,५०,००,००० | ” |

**ग.५. संस्थापक/संचालक सम्बन्धी जानकारी :**

**ग.५.क. संस्थापक/संचालकको पृष्ठभूमी :**

**(क) आधारभूत शेयरधनीहरु तथा संचालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभव, र प्रस्तावित ब्यापार/ब्यवसायमा अनुभव :**
संगठित संस्थामा कोहीपनि शेयरधनीहरु आधारभुत शेयरधनीको रुपमा नरहनुभएको ।

**संचालकहरुको विवरण**

| क्र.सं. | नाम, ठेगाना | पद | उमेर (वर्ष) | राष्ट्रियता | शेयर स्वामित्व (कित्ता) | शैक्षिक योग्यता | अनुभव (पूर्व र हाल कार्यरत) |
|---|---|---|---|---|---|---|---|
| १. | अनिता (ढुंगाना) शाह, चन्द्रेश्वर गा.वि.स.३ लम्जुङ्ग | अध्यक्ष | ४६ | नेपाली | १४३०० | स्नातकोत्तर | सेभ द चिल्ड्रेनमा २ वर्ष र USAID मा २०७३ मसिर देखि कार्यरत |
| २. | खड्ग बहादुर राना जोहाङ्ग गा.वि.स. ५, गुल्मी | सञ्चालक | ६४ | नेपाली | १४२९९ | स्नातक | नेपाल सरकार आन्तरिक राजश्व कार्यालयमा २४ वर्षको कार्यानुभव |
| ३. | लोकनाथ नेपाल पोखराथोक गा.वि.स. १, पाल्पा | सञ्चालक | ६४ | नेपाली | ५७१८ | स्नातक | कृषि विकास बैंकमा ३० वर्षको अधिकृत स्तरीय कार्यानुभव । |
| ४. | मनोज उपाध्याय सि.न.पा. वडा नं. ८, रुपन्देही | सञ्चालक | ४७ | नेपाली | १२५०० | प्रमाणपत्र तह | ट्राभल एजेन्सी सम्बन्धी १२ वर्षको कार्यानुभव । |
| ५. | तुलसीराम खनाल पकवादी गा.वि.स. वडा नं. ५, स्याङ्गजा | सञ्चालक | ५४ | नेपाली | १४३०० | स्नातक | नेपाल सरकारको अधिकृत स्तरीय पदमा ५ बर्षको कार्यानुभव । |

**(ख) संस्थापकहरु कुनै कम्पनी/संस्था भएमा त्यस्तो कम्पनी/संस्थाको नाम तथा ठेगाना सहितको संक्षिप्त विवरण (Profile) र उक्त कम्पनी/संस्थाका संचालकहरुको नाम, ठेगाना, (प्राकृतिक ब्यक्ति नखुलेसम्म) :**
नभएको ।

**(ग) संगठित संस्थाको संचालकहरु अन्य कुनै कम्पनी, संस्था, कोष, संगठनसँग आवद्ध भए त्यस्तो संचालक र आवद्ध भएको संस्थाको नाम, ठेगाना :**

| क्र.स. | संचालकको नाम, ठेगाना | आबद्ध रहेको संस्थाको नाम, ठेगाना |
|---|---|---|
| १. | अनिता (ढुंगाना) शाह, चन्द्रेश्वर गा.वि.स.३ लम्जुङ्ग | सिद्धार्थ कार्डबोर्ड फैक्ट्री प्रा.लि, पडसरी ८, रुपन्देही |
| २. | मनोज उपाध्याय सि.न.पा. वडा नं. ८, रुपन्देही | हाम्रो ट्राभल्स, सिद्धार्थ .न.पा. १३ रुपन्देही |

**(घ) संस्थापक/संचालकको हक हस्तान्तरण बन्देज सम्बन्धी विवरण :**

(क) कम्पनीको शेयर खरिद वा हस्तान्तरण गर्न वा धितोबन्धक राख्न संचालक समितिको स्वीकृती लिनु पर्नेछ । स्वीकृती बिना गरिएको शेयर खरिद वा हस्तान्तरण मान्य हुने छैन ।
(ख) सर्वसाधारण शेयरधनी समूह बाहेक अन्य समूह (संस्थापक र अन्य समूह) ले लिएको शेयर संगठित संस्थाले सार्वजनिक निष्कासन गरेको शेयर बाँडफाँड भएको मितिले तीन वर्षको अवधि पूरा नभई बिक्री गर्न पाईने छैन ।

**ग.५.ख. संस्थापक/संचालक सँगको कारोबार :**

(क) **संगठित संस्थाबाट कुनै संस्थापक/संचालकले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै वस्तु वा सुविधा (आर्थिक वा गैरआर्थिक) प्राप्त गरेको वा प्राप्त गर्ने भएमा त्यस्तो वस्तु वा सुविधाको प्रकृति र मूल्य र त्यस्तो सुविधा दिए बापत संगठित संस्थाले कुनै सम्पत्ति, सेवा प्राप्त गरेको वा गर्ने भएमा तत्सम्बन्धी विवरण :**

सो नभएको ।

(ख) **बुँदा (क) मा उल्लेखित बस्तु वा सुविधाको मूल्य निर्धारण गर्न अपनाइएको तरिका :** सो नभएको ।

**ग.६. सीमित दायित्व सम्बन्धी विवरण :**

यस कम्पनी प्रचलित कम्पनी कानून अन्तर्गत स्थापित तथा सञ्चालित पब्लिक लिमिटेड कम्पनी हो । यसमा शेयरधनीहरुको दायित्व सीमित छ । यस कम्पनीको शेयरधनीको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबोल गरेको शेयरको अधिकतम रकमसम्म मात्र सीमित रहनेछ ।

**ग.७. संगठित संस्थाको कर्मचारी सम्बन्धी जानकारी :**

**ग.७.क. संगठित संस्थाको उच्च ब्यबस्थापकीय तहका अधिकृत कर्मचारीहरु सम्बन्धी विवरण :**

(क) **संगठित संस्थाको उच्च ब्यबस्थापकीय तहका कर्मचारीको नाम, योग्यता, नियुक्ति भएको मिति, पहिले गरेको कामको अनुभव तथा संगठित संस्थाको शेयर लिएको भए शेयर संख्या सम्बन्धी विवरण । साथै त्यस्तो कर्मचारीहरु अन्य कुनै सूचिकृत संगठित संस्थाको आधारभूत शेयरधनी भए वा अन्य कुनै संगठित संस्थामा लगानी गरेको भए उक्त संगठित संस्थाको नाम र लगानी गरेको रकम खुलाउनु पर्ने ।**

| क्र.सं. | कर्मचारीको नाम | पद | योग्यता | नियुक्ति मिति | कार्यानुभव | शेयर संख्या |
|---|---|---|---|---|---|---|
| १. | प्रेम बहादुर पाठक | प्रमुख कार्यकारी अधिकृत | स्नातकोत्तर | २०७०।१०।२० | निर्धन उत्थान बैंक लिमिटेडमा उच्च व्यवस्थापकीय तहमा विभिन्न विभागमा रही १६ वर्षको अनुभव सहित लघुवित्त क्षेत्रमा करिव २० बर्षको कार्यानुभव । | छैन |
| २. | हरिहर गौतम | सहायक प्रवन्धक | स्नातकोत्तर (अर्थशास्त्र) | २०७१।०४।१४ | लघुवित्तमा व्यवस्थापकीय तहमा करिब ८ बर्षको कार्यानुभव । | छैन |

*नोट : उल्लेखित कर्मचारीहरु अन्य कुनै संगठित संस्थाको आधारभुत शेयरधनी नरहेको तथा उनिहरुको अन्य संस्थामा लगानी नरहेको ।*

(ख) **विवरणपत्र बोर्डमा प्रस्तुत गर्नु भन्दा १ बर्ष अगाडिको अवधिमा नियम अनुसार अवकाश प्राप्त भएको अवस्था बाहेक संगठित संस्थाको उच्च ब्यबस्थापकीय तहमा रहेका कुनै कर्मचारी परिवर्तन भएमा सो सम्बन्धी विवरण उल्लेख गर्नु पर्ने :** नभएको ।

(ग) **कर्मचारी संख्या :** हाल संगठित संस्थामा ११५ जना कर्मचारी रहेका छन् । जसमध्ये स्थायी ५२ जना, अस्थायी ५० जना र करारमा १३ जना रहेका छन् ।

**ग.७.ख. संचालक एवं उच्च ब्यबस्थापकीय तहका अधिकृतलाई दिएको भत्ता तथा पारिश्रमिक सम्बन्धी विवरण :**

(क) **संचालक समितिको अध्यक्ष लगायत अन्य सदस्यहरुलाई प्रदान गरिने वा गरिएको बैठक भत्ताको दर तथा निजहरुलाई प्रदान गरिने वा गरिएको दैनिक तथा भ्रमण भत्ता तथा अन्य सुविधा :**

कम्पनीको विनियमावलीको व्यवस्था बमोजिम संचालकहरुको भत्ता तथा अन्य सुविधा :

१. अध्यक्षलाई प्रति वैठक भत्ता रु १२००/- र संचालकहरुलाई प्रति वैठक भत्ता रु १०००/-

२. संचालकहरुलाई दैनिक भ्रमण भत्ता वापत नेपालमा रु.१२००/–, भारतमा भा.रु. १२०० र भारत बाहेक अन्य विदेशी मुलुकमा प्रति दिन १५० अमेरिकी डलर दिने व्यवस्था रहेको ।

**(ख) संगठित संस्थाको उच्च ब्यबस्थापकिय तहका तीन जना अधिकृतहरुको नाम र पद र एक आर्थिक बर्षको अवधि भित्र उनीहरुलाई पारिश्रमिकको रुपमा भुक्तान गरिएको रकम :**

| क्र. सं. | कर्मचारीको नाम | पद | एक आर्थिक बर्षको अवधि भित्र पारिश्रमिक को रुपमा भुक्तान गरिएको रकम | अवधि |
|---|---|---|---|---|
| १. | प्रेम बहादुर पाठक | प्रमुख कार्यकारी अधिकृत | १०,२९,६००। | आ.व.०७३/०७४ |
| २. | हरिहर गौतम | सहायक प्रबन्धक | ५,७६,६००। | आ.व.०७३/०७४ |

**(ग) कुनै अधिकृत वा संचालकलाई भविष्यको लागि कुनै रकम प्रदान गरिने गरी करार गरिएको भए सो सम्बन्धी विवरण :** नरहेको ।

**ग.८. अर्न्तनिहित जोखीम तथा सो मा व्यवस्थापनको लागी व्यवस्थापनको धारणा :**

**संगठित संस्थाले बहन गरेको वा गर्ने जोखीम स्पष्ट रुपमा उल्लेख गर्नु पर्ने । यस सन्दर्भमा जोखीमहरुलाई संगठित संस्थाको आन्तरिक वा व्यवसाय/आयोजनासँग प्रत्यक्ष अथवा संगठित संस्थाको नियन्त्रण भन्दा बाहिरको भनी बर्गिकरण गरी प्रमुख रुपमा देहायको जोखीमको विश्लेषण गर्नु पर्ने ।**

वित्तीय संस्थाको अन्तर्निहित जोखिमहरु निम्नानुसार रहेका छन् ।

**(क) वित्तीय साधनको अभावबाट हुने जोखिम :**

- कर्जा लगानीमा अप्ठ्यारो पर्ने र निक्षेप रकमको भुक्तानी दिन समस्या पर्ने ।

**(ख) कच्चा पदार्थको अभावबाट हुने जोखिम :**

- सो नभएको ।

**(ग) उत्पादन वा सेवाको बजारको स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम :**

- नयाँ लघुवित्त संस्थाहरुको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुनसक्ने जोखिमहरु ।
- वित्तीय संस्थाले प्रदान गरेको कर्जा तथा सापट खराब कर्जामा परिणत हुन गएमा हुने जोखिमहरु ।
- निक्षेप तथा कर्जाको व्याजदरमा आउने परिवर्तनबाट हुन सक्ने जोखिमहरु ।

**(घ) आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिबृद्धि ९ऋयकत इखभचचगल० को जोखिम :**

- सो नभएको ।

**(ङ) विदेशी विनिमयको जोखिम :**

- सो नभएको ।

**(च) कानूनी प्रक्रियाहरु तथा ईजाजत प्राप्त गर्नुपर्ने भए सोबाट पर्न सक्ने अवरोधहरु :**

- सो नभएको ।

**(छ) क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम :**

- अन्तर्राष्ट्रिय बजारमा हुने मन्दीबाट नेपाली बजारमा पर्नसक्ने असरबाट हुनसक्ने आर्थिक जोखिमहरु ।
- पूँजी बजारको अवस्थामा आउने उतार-चढाववाट पर्नसक्ने जोखिमहरु ।

**(ज) सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिम :**

- देशको मौद्रिक नीति लगायत नेपाल राष्ट्र बैंकले जारी गर्ने नियम निर्देशनको अप्रत्याशित परिवर्तनबाट सिर्जना हुने सम्भावित जोखिमहरु ।
- देशको वैदेशिक नीतिमा हुनसक्ने परिवर्तनबाट उत्पन्न हुनसक्ने सम्भावित जोखिमहरु ।
- नेपाल सरकार तथा अन्य नियमन निकायहरुको आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट सिर्जना हुनसक्ने सम्भावित जोखिमहरु ।

**(झ) सञ्चालन इतिहासको अभाव :**

- यस वित्तीय संस्थाले आफ्नो कारोवार २०७१।०७।२१ गतेदेखि मात्र सञ्चालन गरेको हुँदा वित्तीय संस्थाको कारोवार सञ्चालनको इतिहास छोटो रहेको छ ।

**(ञ) प्रविधिको परिवर्तनबाट हुने सक्ने जोखिम :**

- प्रविधि सम्बन्धी परिवर्तनबाट वित्तीय संस्थाको सञ्चालन तथा कारोवार प्रणालीमा अप्रत्याशित जोखिम रहनु स्वभाविक नै हो । वित्तीय संस्थाले प्रयोग गर्ने सफ्टवेयरमा प्रविधिको परिवर्तनबाट आउन सक्ने जोखिम व्यवस्थापनका लागि तथ्याङ्कहरुको सुरक्षार्थ Data Backup मा विशेष सतर्कता अपनाईएको छ र त्यसबाट जोखिमलाई न्यूनिकरण गर्न वित्तीय संस्था सक्षम रहेको छ ।

**(ट) अन्य :**

- देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।
- देशको आर्थिक अवस्थामा आउने उतार-चढावबाट हुनसक्ने जोखिमहरु ।

**उपरोक्तानुसारको जोखिमहरुलाई न्यून वा व्यवस्थापन गर्ने सम्बन्धमा व्यवस्थापनको योजना :**
वित्तीय संस्थाको कर्जा तथा लगानी खराब भई हुनसक्ने जोखिमहरुको लागि वित्तीय संस्थाले कर्जा तथा लगानी जोखिम कोषको व्यवस्था गर्नेछ । वित्तीय संस्थाले वित्त बजारमा हुने प्रतिस्पर्धाको साथै क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिमहरु न्यूनीकरण गर्नका लागि जनशक्ति विकासमा ध्यान पुऱ्याउनुको साथै अन्य व्यावसायिक जोखिमहरुबाट सिर्जना हुनसक्ने हानि-नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानि-नोक्सानी कम गर्न सक्षम र प्रतिबद्ध छ । त्यस्तै अन्य विभिन्न जोखिमहरु न्यूनीकरणका लागि प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली, समयानुसारको आधुनिक प्रविधि, स्पष्ट नीति तथा नियमहरुको निर्माण एवम् समयानुसार आफ्नो सेवा तथा सुविधाहरुमा परिवर्तन गर्दै लगिने वित्तीय संस्थाको नीति रहेको व्यहोरा जानकारी गराउँछौं ।

**धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिम :**
रु. १०० प्रति शेयरको दरले निष्काशन गरिएको मूल्यले सूचीकरण पश्चात् धितोपत्र बजारमा हुने कारोवारले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ ।

**ग.९. वित्तीय विवरण :**

**ग.९.क. वित्तीय विवरण र तत्सम्बन्धमा व्यवस्थापनको धारणा र विश्लेषण :**

(क) **संगठित संस्थाको लेखापरीक्षण भएको पछिल्लो आर्थिक वर्षको वासलात, नाफा(नोक्सान हिसाब, नाफा( नोक्सान हिसाब बाँडफाँट, नगद प्रवाह विवरण :**

यस कम्पनीको आ.ब.२०७३/०७४ को लेखापरिक्षण भएको वासलात, नाफा–नोक्सान हिसाब तथा नाफा–नोक्सान बाँडफाँट हिसाब खाताको यथार्थ रूपरेखा यस प्रकार छ :

**वासलात (२०७४ आषाढ मसान्त)**

| पुंजी तथा दायित्व | रकम रु (हजारमा) |
|---|---|
| १. शेयर पुंजी | ३८,५०० |
| २. जगेडा तथा कोषहरु | १४,८०७ |
| ३. ऋणपत्र तथा बण्ड | ० |
| ४. तिर्न बाकी कर्जा सापट | ४,६८,५५३ |
| ५. निक्षेप दायित्व | १,५३,४०० |
| ६. भुक्तानी दिनुपर्ने विलहरु | ० |
| ७. प्रस्तावित लाभांश | ० |
| ८. आयकर दायित्व | ६,३४६ |
| ९. अन्य दायित्व | ८,४६३ |
| **कूल पुंजी तथा दायित्व** | ६,९०,०६९ |

| सम्पत्ति | रकम रु (हजारमा) |
|---|---|
| १. नगद मौज्दात | २,५८८ |
| २. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | ३२,०९० |
| ३. बैकरवित्तीय संस्थामा रहेको मौज्दात | ६२,१९० |
| ४. माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | ० |
| ५. लगानी | १००० |
| ६. कर्जा सापट तथा विल खरीद | ५,७७,८५९ |
| ७. स्थिर सम्पत्ति | ६,६२६ |
| ८. गैर बैकिङ्ग सम्पत्ति | ० |
| ९. अन्य सम्पत्ति | ७,७१५ |
| **कूल सम्पत्ति** | ६,९०,०६९ |

**नाफा- नोक्सान हिसाब (श्रावण १, २०७३ देखि आषाढ ३१, २०७४)**

| विवरण | रकम रु (हजारमा) |
|---|---|
| १. व्याज आम्दानी | ८६,६०४ |
| २. व्याज खर्च | ३५,१०० |
| **खुद व्याज आम्दानी** | ५१,५०४ |
| ३. कमिशन तथा डिस्काउण्ट | ४४४ |
| ४. अन्य संचालन आम्दानी | ९,२०८ |
| ५. सटही घटबढ आम्दानी | ० |
| **कुल सञ्चालन आम्दानी** | ६१,१५६ |
| ६. कर्मचारी खर्च | २०,७४२ |
| ७. अन्य सञ्चालन खर्च | ११,३२८ |
| ८. सटही घटबढ नोक्सान | ० |
| **सम्भावित नोक्सानी व्यवस्था अघिको सञचालन मुनाफा** | २९,०८५ |
| ९. सम्भावित नोक्सानी व्यवस्थाहरु | ३,६४० |
| **सञ्चालन मुनाफा** | २५,४४४ |
| १०. गैर संचालन आम्दानी/खर्च | ० |
| ११. सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता | १७५ |
| **नियमित कारोवारबाट भएको मुनाफा** | २५,६२० |
| १२. असामान्य कारोवारवाट भएको आम्दानी/खर्च | ० |
| **सम्पूर्ण कारोवार समावेश पछिको खुद मुनाफा** | २५,६२० |
| १३. कर्मचारी बोनस व्यवस्था | २,३२९ |
| १४. आयकर व्यवस्था | ६,३४६ |
| ● यस बर्षको कर ब्यबस्था | ० |
| ● बिगत बर्षसम्मको कर ब्यबस्था | ० |
| ● यस बर्षको स्थगन कर आम्दानीरखर्च | ० |
| **खुद नाफा/नोक्सान** | १६,९४५ |

**नगद प्रवाह विवरण (श्रावण १, २०७३ देखि आषाढ ३१, २०७४)**

| क.सं. | विवरण | रकम रु (हजारमा) |
|---|---|---|
| **(क)** | **कारोवार सञ्चालनबाट नगद प्रवाह** | ५१,४३० |
| **१** | **नगद प्राप्ति** | ९६,२५६ |
| १.१ | ब्याज आम्दानी | ८६,६०४ |
| १.२ | कमिशन तथा डिष्काउन्ट आम्दानी | ४४४ |
| १.३ | विदेशी विनिमय कारोबारबाट आम्दानी | ० |
| १.४ | अपलेखित कर्जाको असुली | ० |
| १.५ | अन्य आम्दानी | ९,२०८ |
| **२** | **नगद भुक्तानी** | (६५,६४७) |
| २.१ | व्याज खर्च | (३५,१००) |
| २.२ | कर्मचारी खर्च | (२०,७४२) |
| २.३ | कार्यालय संचालन खर्च | (९,८०४) |
| २.४ | आयकर भुक्तानी | ० |
| २.५ | अन्य खर्च | ० |
| | **कार्यगत पूंजी गतिविधि अघिको नगद प्रवाह** | ३०,६१० |
| | **सञ्चालन सम्वन्धि चालु सम्पत्तिमा कमी/(वृद्धि)** | (३,५४,५३६) |
| १. | माग तथा अल्प सूचनामा प्राप्त हुने रकममा कमी/(वृद्धि) | ० |
| २. | अन्य अल्पकालीन लगानीमा कमी/(वृद्धि) | (१,०००) |
| ३. | कर्जा तथा विल्स खरिदमा कमी/(वृद्धि) | (३,४६,५५५) |
| ४. | अन्य सम्पतिमा कमी/(वृद्धि) | (६,९८०) |
| | **सञ्चालन सम्वन्धि चालु दायित्वमा (कमी)/वृद्धि** | ३,७५,३५६ |
| १. | निक्षेप दायित्वमा (कमी)/वृद्धि | १,०८,४४८ |
| २. | सर्टिफिकेट अफ डिपोजिटमा (कमी)वृद्धि | ० |
| ३. | अल्पकालीन सापटीमा (कमी)वृद्धि | २,६२,०५३ |
| ४. | अन्य दायित्वमा (कमी)वृद्धि | ४,८५४ |
| | | ५१,४३० |
| **(ख)** | **लगानी कारोवारमा नगद प्रवाह** | (४,१४७) |
| १. | दीर्घकालीन लगानीमा कमी/(वृद्धि) | ० |
| २. | स्थीर सम्पत्तिमा कमि/(वृद्धि) | (४,१४७) |
| ३. | दीर्घकालीन लगानीमा व्याज आम्दानी | ० |
| ४. | लाभांश आम्दानी | ० |
| ५. | अन्य | ० |
| **(ग)** | **वित्तिय श्रोत कारोवारमा नगद प्रवाह** | ७,७०० |
| १. | दीर्घकालीन ऋण (वण्ड, डिवेञ्चर आदि) मा वृद्धि/(कमी) | ० |
| २. | शेयर पूंजीमा वृद्धि/(कमी) | ७,७०० |
| ३. | अन्य दायित्वमा वृद्धि/(कमी) | ० |
| ४. | नेपाल राष्ट्र बैंकवाट प्राप्त सहुलियता पूरनकर्जामा वृद्धि/(कमी) | ० |
| **(घ)** | **नगद तथा बैंक मौज्दातको विनिमय दरमा भएको फरकवाट आम्दानी/खर्च** | ० |
| **(ङ)** | **यस वर्षको सम्पूर्ण गतिविधिबाट नगद प्रवाह** | ५४,९८३ |
| **(च)** | **नगद तथा बैंकमा रहेको शूरु मौज्दात** | ४१,८८५ |
| **(छ)** | **नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात** | ९६,८६८ |

(ख) सञ्चालन अवधि तीन वर्ष व्यतीत भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतीत भैनसकेको अवस्थामा संचालन अवधिभरको लेखापरीक्षण भएको नाफा नोक्सान, वासलात सहितको संक्षिप्त वित्तीय विवरण (सहायक कम्पनी भए समष्टिकृत रुपमा) :

**वासलात**

| पूँजी तथा दायित्व | वास्तविक (रु. हजारमा) | | |
|---|---|---|---|
| | आ.ब. ०७१/०७२ | आ.ब. ०७२/०७३ | आ.ब.०७३/०७४ |
| १. शेयर पूँजी | १५,४०० | ३०,८०० | ३८,५०० |
| २. जगेडा तथा कोषहरु | (४,३४९) | (२,१३८) | १४,८०७ |
| ३. ऋणपत्र तथा बण्ड | ० | ० | ० |
| ४. तिर्न बाँकी कर्जा सापट | ३६,००० | २०६,५०० | ४६८,५५३ |
| ५. निक्षेप दायित्व | ३,९६५ | ४४,९५२ | १५३,४०० |
| ६. भुक्तानी दिनु पर्ने बिलहरु | ० | ० | ० |
| ७. प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश | ० | ० | ० |
| ८. आयकर दायित्व | ० | ० | ६,३४६ |
| ९. अन्य दायित्व | ७४६ | १,२८० | ८,४६३ |
| **कुल दायित्व** | **५१,७५१** | **२८१,३९३** | **६९०,०६९** |

| सम्पत्ति | वास्तविक (रु. हजारमा) | | |
|---|---|---|---|
| | आ.ब. ०७१/०७२ | आ.ब. ०७२/०७३ | आ.ब.०७३/०७४ |
| १. नगद मौज्दात | १११ | २९७ | २,५८८ |
| २. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | २१० | १,४६० | ३२,०९० |
| ३. बैक /बित्तीय संस्थामा रहेको मौज्दात | ९,६८८ | ४०,१२८ | ६२,१९० |
| ४. माग तथा अल्प सुचनामा प्राप्त हुने रकम | ० | ० | ० |
| ५. लगानी | ० | ० | १,००० |
| ६. कर्जा सापट तथा बिल खरिद | ३७,६२९ | २३४,७६९ | ५७७,८५९ |
| ७. स्थिर सम्पत्ति | ३,७८९ | ४,००४ | ६,६२६ |
| ८. गैर बैंकिंङ्ग सम्पत्ति | ० | ० | ० |
| ९. अन्य सम्पत्ति | ३२४ | ७३५ | ७,७१५ |
| **कुल सम्पत्ति** | **५१,७५१** | **२८१,३९३** | **६९०,०६९** |

**नाफा- नोक्सान हिसाब (श्रावण १, २०७१ देखि आषाढ ३१, २०७४)**

| विवरण | वास्तविक (रु. हजारमा) | | |
|---|---|---|---|
| | आ.ब. ०७१/०७२ | आ.ब. ०७२/०७३ | आ.ब.०७३/०७४ |
| १. व्याज आम्दानी | १,७०८ | २१,८०३ | ८६,६०४ |
| २. व्याज खर्च | ५८८ | ७,४२५ | ३५,१०० |
| **खुद ब्याज आम्दानी** | **१,१२०** | **१४,३७८** | **५१,५०४** |
| ३. कमिशन तथा डिस्काउण्ट | ० | १०१ | ४४४ |
| ४. अन्य संचालन आम्दानी | ६९३ | ४,२५६ | ९,२०८ |
| ५. सटही घटबढ आम्दानी | ० | ० | ० |
| **कुल संचालन आम्दानी** | **१,८१३** | **१८,७३६** | **६१,१५६** |
| ६. कर्मचारी खर्च | २,६५० | ८,५९७ | २०,७४२ |
| ७. अन्य संचालन खर्च | २,८८३ | ५,७०४ | ११,३२९ |
| ८. सटही घटबढ नोक्सान | | | |
| **सम्भावित नोक्सनी ब्यबस्था अघिको संचालन मुनाफा** | **(३,७१९)** | **४,४३४** | **२९,०८५** |
| ९. सम्भावित नोक्सानी | ३८० | १,९९१ | ३,६४० |
| **संचालन मुनाफा/(नोक्सान)** | **(४,०९९)** | **२,४४३** | **२५,४४४** |
| १०.गैर संचालन आम्दानी/(नोक्सान) | ० | ० | ० |
| ११.सम्भावित नोक्सानी ब्यबस्थाबाट फिर्ता | ० | ० | १७५ |
| **नियमित कारोवारबाट भएको मुनाफा** | **(४,०९९)** | **२,४४३** | **२५,६२०** |
| १२.असामान्य कारोवारबाट भएको मुनाफा/(खर्च) | ० | ० | ० |
| अनुदान प्राप्त सम्पत्तिको ह्रास कट्टी रकम आम्दानी | ० | ० | ० |
| **सम्पूर्ण कारोवार समावेश पछिको खुद नाफा** | **(४,०९९)** | **२,४४३** | **२५,६२०** |
| १३.कर्मचारी बोनस व्यवस्था | ० | २२२ | २,३२९ |
| १४.आयकर ब्यबस्था | ० | ० | ६,३४६ |
| यस वर्षको | ० | ० | ० |
| गत वर्षको | ० | ० | ० |
| पर सारिएको आयकर आम्दानी / (खर्च) | ० | ० | ० |
| **खुद मुनाफा/(नोक्सान)** | **(४,०९९)** | **२,२२१** | **१६,९४५** |
| शेयर संख्या (हजारमा) | १५४ | ३०८ | ३८५ |
| प्रति शेयर आम्दानी (रु.) | (२६.६२) | ७.२१ | ४४.०२ |

(ग) **आर्थिक बर्ष समाप्त भएको ६ महिना पश्चात् विवरणपत्र स्वीकृतीको लागी पेश गरेमा उक्त अन्तरिम अवधिको लागि लेखापरिक्षकबाट प्रमाणित गरेको अपरिष्कृत वित्तिय विवरण :** सो नभएको ।

(घ) **आम्दानी र खर्च हिसावको कुनै शीर्षकमा ठुलो मात्रामा परिवर्तन भएमा त्यसको विश्लेषणात्मक कारण :** सो नभएको ।

(ङ) **पछिल्लो वित्तीय विवरणको लेखापरीक्षण भए पश्चात संगठित संस्थाको कारोबार, नाफा नोक्सान, सम्पत्तिको मुल्य वा आगामी १२ महिनाको दायित्व भुक्तानीमा असर पर्ने गरी कुनै अवस्था सिर्जना भएको छ/छैन सो सम्बन्धमा संचालकहरुको धारणा :** सो नभएको ।

(च **आर्थिक वर्ष समाप्त भएपछि विवरणपत्र पेश गरेमा, आर्थिक वर्ष समाप्त भएको मितिबाट पेश भएको मितिसम्ममा वासलातको मिति पछिको घटनाको वारेमा छुट्टै जानकारी विवरणपत्रमा समावेश गर्नुपर्ने :** सो नभएको ।

**(छ) विगत ५ वर्षमा सम्पत्तिको पुनर्मूल्यांकन गरिएको छ/छैन, यदि गरिएको भए (अ) सम्पत्तिको विवरण (आ) सम्पत्तिको पुनर्मूल्यांकन अघि र पछिको कितावी मूल्य (ई) पुनर्मूल्यांकनको औचित्य :** सो नभएको ।

**(ज) आगामी तीन वर्षको प्रक्षेपित वासलात, नाफा नोक्सान हिसाबका साथै त्यसका गणनाको आधारहरु :**

**वासलात**

| पूँजी तथा दायित्व | प्रक्षेपित(रु. हजारमा) | | |
|---|---|---|---|
| | आ.ब. ०७४/०७५ | आ.ब. ०७५/०७६ | आ.ब. ०७६/०७७ |
| १. शेयर पूँजी | ५५,००० | ५५,००० | ५५,००० |
| २. जगेडा तथा कोषहरु | ३२,६३० | ५१,४२० | ७१,९४९ |
| ३. ऋणपत्र तथा बण्ड | - | - | - |
| ४. तिर्न बाँकी कर्जा सापट | ५१५,४०९ | ५९२,७२० | ६८१,६२८ |
| छ. निक्षेप दायित्व | २२२,४३० | ३११,४०१ | ३७३,६८२ |
| ६. भुक्तानी दिनु पर्ने बिलहरु | - | - | - |
| ७. प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश | - | - | - |
| ८. आयकर दायित्व | ७,६३८ | ८,०५३ | ८,७९८ |
| ९. अन्य दायित्व | ९,३०६ | ८,८८४ | १२,५६४ |
| **कुल दायित्व** | **८४२,४१२** | **१,०२७,४७७** | **१,२०३,६२१** |

| सम्पत्ति | प्रक्षेपित(रु. हजारमा) | | |
|---|---|---|---|
| | आ.ब. ०७४/०७५ | आ.ब. ०७५/०७६ | आ.ब. ०७६/०७७ |
| १. नगद मौज्दात | १६,५७८ | १५,५८३ | १६,४११ |
| २. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | ४०,११२ | ५०,१४० | ५२,६४७ |
| ३. बैक /बित्तीय संस्थामा रहेको मौज्दात | ११५,०५१ | १५५,३२० | १७०,८५२ |
| ४. माग तथा अल्प सुचनामा प्राप्त हुने रकम | - | - | - |
| ५. लगानी | १,००० | १,००० | १,००० |
| ६. कर्जा सापट तथा बिल खरिद | ६६४,५३८ | ७९७,४४५ | ९५६,९३४ |
| ७. स्थिर सम्पत्ति | ४,२०४ | ६,९५८ | ४,४१४ |
| ८. गैर बैंकिङ्ग सम्पत्ति | - | - | - |
| ९. अन्य सम्पत्ति | ९२८ | १,०३१ | १,३६२ |
| **कुल सम्पत्ति** | **८४२,४१२** | **१,०२७,४७७** | **१,२०३,६२१** |

## नाफा- नोक्सान हिसाब

| विवरण | प्रक्षेपित (रु. हजारमा) | | |
|---|---|---|---|
| | आ.ब. ०७४/०७५ | आ.ब. ०७५/०७६ | आ.ब. ०७६/०७७ |
| १. व्याज आम्दानी | १२४,१०४ | १५३,१३९ | १७४,३०१ |
| २. व्याज खर्च | ६७,७४३ | ८७,५३७ | ९७,९७२ |
| **खुद ब्याज आम्दानी** | **५६,३६०** | **६५,६०२** | **७६,३३०** |
| ३. कमिशन तथा डिस्काउण्ट | ५५५ | ७७६.६५ | ८१५ |
| ४. अन्य संचालन आम्दानी | ११,५१० | १३,२३७ | १५,२२२ |
| ५. सटही घटबढ आम्दानी | - | - | - |
| **कुल संचालन आम्दानी** | **६८,४२५** | **७९,६१५** | **९२,३६७** |
| ६. कर्मचारी खर्च | २५,९२८ | ३१,११३ | ३७,३३६ |
| ७. अन्य संचालन खर्च | १३,६१७ | १७,६३३ | २१,१६० |
| ८. सटही घटबढ नोक्सान | - | - | - |
| **सम्भावित नोक्सनी ब्यबस्था अघिको संचालन मुनाफा** | **२८,८८१** | **३०,८६९** | **३३,८७२** |
| ९. सम्भावित नोक्सानी | ८७६ | १,३४३ | १,६११ |
| **संचालन मुनाफा/(नोक्सान)** | **२८,००५** | **२९,५२६** | **३२,२६१** |
| १०.गैर संचालन आम्दानी/(नोक्सान) | - | - | - |
| ११.सम्भावित नोक्सानी ब्यबस्थाबाट फिर्ता | - | - | - |
| **नियमित कारोवारबाट भएको मुनाफा** | **२८,००५** | **२९,५२६** | **३२,२६१** |
| १२.असामान्य कारोवारबाट भएको मुनाफा/(खर्च) | - | - | - |
| अनुदान प्राप्त सम्पत्तिको ह्रास कट्टी रकम आम्दानी | - | - | - |
| **सम्पूर्ण कारोवार समावेश पछिको खुद नाफा** | **२८,००५** | **२९,५२६** | **३२,२६१** |
| १३.कर्मचारी बोनस व्यवस्था | २,५४६ | २,६८४ | २,९३३ |
| १४.आयकर ब्यबस्था | ***७,६३८*** | ***८,०५३*** | ***८,७९८*** |
| यस वर्षको | ७,६३८ | ८,०५३ | ८,७९८ |
| गत वर्षको | - | - | - |
| पर सारिएको आयकर आम्दानी / (खर्च) | - | - | - |
| **खुद मुनाफा/(नोक्सान)** | **१७,८२१** | **१८,७९०** | **२०,५३०** |
| शेयर संख्या (हजारमा) | ५५० | ५५० | ५५० |
| प्रति शेयर आम्दानी (रु.) | ३२.४० | ३४.१६ | ३७.३३ |

**वित्तीय प्रक्षेपणका आधारहरुको औचित्य पुष्टि हुने विवरण देहाय बमोजिम रहेको छ :**

| विवरण | आ.ब. ०७४/०७५ | आ.ब. ०७५/०७६ | आ.ब. ०७६/०७७ |
|---|---|---|---|
| १. कुल निक्षेपमा औषत बृद्धिदर (प्रतिशतमा) | ४५.००% | ४०.००% | २०.००% |
| २. कुल कर्जा तथा सापटमा औषत बृद्धिदर (प्रतिशतमा) | १५.००% | २०.००% | २०.००% |
| ३. कुल कर्जा तथा निक्षेप+पूँजिकोष अनुपात (प्रतिशतमा) | ८१.३२% | ७९.७१% | ८१.७६% |
| ४. कुल आयमा औषत बृद्धिदर | १४१.४६% | १२२.७५% | ११३.८७% |
| ५. कुल खर्चमा औषत बृद्धिदर | १५३.१३% | १२७.२४% | ११४.८६% |
| ६. संचालन खर्च तथा कुल आम्दानी अनुपात | २९.०४% | २९.१६% | ३०.७३% |
| ७. खुद मुनाफामा औषत बृद्धिदर | ५.१६% | ५.४३% | ९.२६% |
| ८. निक्षेपको औषत ब्याजदर (प्रतिशतमा) | १३.००% | ११.००% | १०.००% |
| ९. कर्जा तथा सापटको औषत ब्याजदर(प्रतिशतमा) | २२.००% | २०.००% | १९.००% |
| १०. आयकर ब्यवस्था (प्रतिशतमा) | ३०.००% | ३०.००% | ३०.००% |
| निस्क्रिय कर्जा सापट (प्रतिशतमा) | ०.००% | ०.००% | ०.००% |
| लगानी मा प्रतिफल | - | - | - |
| अन्य संचालन खर्चका बृद्धिदर | २०.२३% | २९.४९% | २०.००% |
| कर्मचारी खर्चमा बृद्धिदर | २५.००% | २०.००% | २०.००% |
| % of Provision on Total Gross Loan | १.००% | १.००% | १.००% |
| CRR | ५.२०% | ५.४१% | ५.७८% |
| SLR | ११.८८% | १२.२४% | १३.३८% |

**बित्तिय प्रक्षेपणका प्रमुख आधारहरु :**

(१) **कर्जा तथा सापट :** संस्थाको आ.व. २०७०/७१ को आषाढ मसान्तबाट आ.व. २०७१/७२ को आषाढ मसान्तसम्ममा असल कर्जामा करिव ५२४ प्रतिशतको बृद्धी भएको तथा संस्थाको आ.ब २०७२/७३ को आषाढ मसान्तसम्ममा करिव १४६ प्रतिशतको बृद्धी भएको र संस्थाको व्यवस्थापनले गर्ने योजना अनुसार २०७३/७४, २०७४/७५ र २०७५/७६ मा क्रमश: १५,२० र २० प्रतिशतले कुल कर्जा बृद्धी हुने प्रक्षेपण गरिएको छ । कर्जा तथा सापटमा प्राप्त हुने औसत ब्याज दर आ.ब २०७४/७५,२०७५/७६ र२०७६/७७ को लागि क्रमश: २२,२० र १९ प्रतिशत हुने अनुमान गरिएको छ । कर्जा तथा सापटको निक्षेप र प्राथमिक पूँजीको अनुपातमा (CD Ratio) नेपाल राष्ट्र बैकले तोकेको अनुपात अनुरुप रहने गरि कर्जा तथा सापट प्रक्षेपण गरिएको छ । यस अनुरुप आ.ब. २०७४/७५,२०७५/७६ र२०७६/७७ को लागि क्रमश: ८१,८० र ८२ प्रतिशत हुने प्रक्षेपण गरिएको छ । कर्जा नोक्सानी ब्यवस्था आ.व. २०७४/७५,२०७५/७६ र२०७६/७७ को लागि कुल कर्जा तथा सापटको क्रमश: १.०,१.० र १.० प्रतिशत कायम हुने अनुमान गरिएको छ ।

(२) **निक्षेप :** संस्थाको आ.ब २०७०/७१ को आषाढ मसान्तबाट आ.ब.२०७१/७२ को आषाढ मसान्तसम्ममा जम्मा निक्षेपमा लगभग १०३४ प्रतिशतको बृद्धि भएको तथा संस्थाको आ.ब २०७२/७३ को आषाढ मसान्तसम्ममा २४१ प्रतिशतको बृद्धी भएको तर संस्थाको व्यवस्थापनले गर्ने योजना अनुसार २०७४/७५, २०७५/७६ र २०७६/७७ मा क्रमश: ४५, ४० र २० प्रतिशतले कुल निक्षेप बृद्धि हुने प्रक्षेपण गरिएको छ । निक्षेप दायित्वमा तिर्नुपर्ने औसत ब्याजदर आ.ब.२०७४/७५, २०७५/७६ र २०७६/७७ को लागि क्रमश: १३, ११ र १० प्रतिशत कायम रहने अनुमान गरिएको छ ।

(३) **तरलता :** नेपाल राष्ट्र बैकले व्यबस्था गरेको बैधानिक तरलता अनुपात (Statutory Liquiditi Ratio) आ.ब २०७४/७५, २०७५/७६ र २०७६/७७ को लागि क्रमस ११.८८, १२.२४ र १३.३८ कायम हुने गरि लगानी प्रक्षेपण गरिएको छ । नेपाल राष्ट्र बैकले व्यबस्था गरेको अनिवार्य मौज्दात (Cash Reserve Requirement) आ.ब २०७४/७५,२०७५/७६ र २०७६/७७ को लागि क्रमश: ५.२, ५.४१ र ५.७८ कायम हुने गरि लगानी प्रक्षेपण गरिएको छ । संचालन नाफाको १० प्रतिशत रकम कर्मचारी बोनस व्यबस्थाको लागि छुट्याइएको छ । आउदो बर्षहरुको लागि बैंकले आर्जन गर्ने नाफामा ३० प्रतिशतको दरले आयकरको लागि व्यबस्था गरिएको छ । गत बर्षहरुको वास्तविक आकँडा तथा आउदो बर्षको संचालन योजनाको आधारमा बैक व्यवस्थापन द्वारा वित्तीय विवरण प्रक्षेपन गरिएको छ । पूँजी प्रयाप्तता (Capital Adequacy) को मात्रा नेपाल राष्ट्र बैकले तोकेको अनुपात अनुरुप रहने गरी प्रक्षेपण गरिएको छ । जस अनुसार पूजीकोषको अनुपात आ.ब २०७४/७५, २०७५/७६ र २०७६/७७ को लागि क्रमश: १२.५४, १३.६२ र १३.७० प्रतिशत र प्राथमिक पूँजीको अनुपात आ.ब. २०७४/७५, २०७५/७६ र २०७६/७७ को लागि क्रमश: ११.५८, १२.६५ र १२.७३ प्रतिशत हुने गरि प्रक्षेपण गरिएको छ ।

**ग.९.ख. वित्तीय अनुपात सम्बन्धी विवरण :**

(क) **सञ्चालन अवधि तीन बर्ष ब्यतीत भैसकेको अवस्थामा विगत तीन बर्षको र तीन बर्ष ब्यतीत भैनसकेको अवस्थामा सञ्चालन अवधिको तथा आगामी तीन बर्षको प्रक्षेपित प्रति शेयर आम्दानी (EPS) तथा प्रति शेयर नेटवर्थ :**

| विवरण | वास्तविक | | | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|
| | आ.ब. ०७१/०७२ | आ.ब. ०७२/०७३ | आ.व ०७३/०७४ | आ.व ०७४/०७५ | आ.व ०७५/०७६ | आ.व ०७६/०७७ |
| प्रति शेयर नेटवर्थ (रु.) | ७१.६९ | ९३.०६ | १३८.४६ | १५९.३३ | १९३.४९ | २३०.८२ |
| प्रति शेयर आम्दानी (रु.) | (२६.६२) | ७.२१ | ४४.०१ | ३२.४० | ३४.१६ | ३७.३३ |

**(ख) विगत ३ बर्षको नेटवर्थमा भएको औसत प्रतिफल :**

| विवरण | वास्तविक (रु. हजारमा) | | | प्रक्षेपित(रु. हजारमा) | | |
|---|---|---|---|---|---|---|
| | आ.ब. ०७१/०७२ | आ.ब. ०७२/०७३ | आ.व ०७३/०७४ | आ.व ०७४/०७५ | आ.व ०७५/०७६ | आ.व ०७६/०७७ |
| चुक्ता पुंजी | १५,४०० | ३०,८०० | ३८,५०० | ५५,००० | ५५,००० | ५५,००० |
| जगेडा तथा कोषहरु | (४,३५९) | (२,१३८) | १४८०७ | ३२,६३० | ५१,४२० | ७१,९४९ |
| **कुल** | **११,०४१** | **२८,६६२** | **५३३०७** | **८७,६३०** | **१०६,४२०** | **१२६,९४९** |
| घटाउने : अपलेखन गर्न बाँकी खर्च (Fictitious Assets) | - | - | - | - | - | - |
| **कुल नेटवर्थ** | **११,०४१** | **२८,६६२** | **५३३०७** | **८७,६३०** | **१०६,४२०** | **१२६,९४९** |
| शेयर संख्या (हजारमा) | १५४ | ३०८ | ३८५ | ५५० | ५५० | ५५० |
| प्रति शेयर नेटवर्थ (रु.) | ७१.६९ | ९३.०६ | १३८.४६ | १५९.३३ | १९३.४९ | २३०.८२ |
| प्रति शेयर चुक्ता पुंजी | १०० | १०० | १०० | १०० | १०० | १०० |
| नेटवर्थमा औसत प्रतिफल | (३७.१३%) | ७.७५% | ३१.७९% | २०.३४% | १७.६६% | १६.१७% |
| निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल प्रतिशतमा | | | | ३४.६८% | | |

संगठित संस्थाको प्रक्षेपित वित्तिय विवरण विगत बर्षको कारोबारको आधारमा निष्काशन कम्पनीले तयार गरेको हो । उक्त वित्तिय प्रक्षेपणको आधारहरु तथा तरिका पुनरावलोकन गरी ठिक छ भनि श्री आर.के.एस. एण्ड एसोसियट्सका एफसिए श्री राजेश कुमार शाहले गर्नु भएको हो ।

**ग.१०. धितोपत्र निष्काशन सम्बन्धी विवरण :**

**ग.१०.क. धितोपत्र जारी गर्नुको उद्देश्य :**

१. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अनुरुप कम्तिमा ३०% शेयर सर्वसाधारणमा बिक्री गर्नुपर्ने भएको र सोही बमोजिम वित्तीय संस्थाको प्रवन्ध-पत्रमा जारी पूँजीको ४९% शेयर सर्वसाधारणमा बिक्री गर्नुपर्ने प्रावधान अनुरुप रु. १,६५,००,०००/- शेयर पूँजी सर्वसाधारण नेपाली नागरिकहरु (कर्मचारी समेत) लाई बिक्री वितरण गरी वित्तीय संस्थाको संचालनमा सर्वसाधारणलाई समेत संलग्न गराउन ।

२. वित्तीय संस्थाले सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवम् आर्थिक गतिविधिहरुलाई विस्तार गर्न आवश्यक पर्ने पूँजीको व्यवस्था गर्न ।

३. वित्तीय संस्थाको प्रवन्ध-पत्र तथा नियमावलीमा उल्लेख गरिएका उद्देश्यहरु अनुरुप गर्नुपर्ने कार्यहरुको लागि आवश्यक पर्ने पूँजी संकलन गर्न ।

**ग.१०.ख. धितोपत्र निष्काशनबाट प्राप्त पुँजीको उपयोग :**

(क) **निष्काशनबाट प्राप्त हुने कूल रकमलाई कसरी र कुन क्षेत्रमा प्रयोग गरिनेछ तत् सम्बन्धी विवरण :** निष्काशनबाट प्राप्त हुने कुल रकम तल उल्लेखित विभिन्न क्षेत्रहरुमा प्रयोग हुनेछ :

- भौतिक पुर्वाधार तथा शाखा विस्तार - रु. ८,००,०००/-
- पशुपालन तथा कृषि कर्जा - रु. ६०,००,०००/-
- खुद्रा व्यापार र सेवा कर्जा - ५५,००,०००/-
- साना तथा घरेलु उद्योग कर्जा - ३५,००,०००/-
- वाणिज्य बैंक लगायत अन्य वित्तीय संस्थाहरुमा राखिने नगद मौज्दात- रु. ७,००,०००/-

(ख) **सार्वजनिक निष्काशन गरिने धितोपत्र पूर्ण रुपमा बिक्री नभएमा सार्वजनिक निष्काशनको लागि उद्देश्य प्राप्ती गर्नको लागि अपनाइने बैकल्पिक व्यवस्था:** विगतमा अन्य विकास बैंक तथा वित्तीय संस्थाहरुले सर्वसाधारणमा शेयर निष्काशन गर्दा निष्काशित शेयरहरु पूर्ण रुपमा आवेदन प्राप्त हुने देखिएकोले यस वित्तीय संस्थाको निष्काशित शेयरहरु पनि पूर्ण रुपमा बिक्री हुने वित्तीय संस्थाको धारणा रहेको छ । कुनै कारणवश पूर्णरुपमा बिक्री नभएमा, श्री सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाडौंले निष्काशन रकमको ५० प्रतिशत आफैंले खरीद गर्ने प्रत्याभूतिमा सम्झौता गरिएको छ ।

(ग) **आयोजनाको संचालन स्थान, आयोजना चरणबद्ध रुपका कार्यान्वयन गरिने भए प्रत्येक चरणमा लाग्ने खर्च, कुनै चरण समाप्त भैसकेको भए सो सम्बन्धी विवरण :** सो नभएको ।

(घ) **आयोजना सम्पन्न हुने, परिक्षण उत्पादन शुरु हुने र पूर्ण व्यावसायिक उत्पादन शुरु हुने अनुमानित मिति :** सो नभएको ।

(ङ) **संगठित संस्थाले कुनै उपकरण खरिद गरेको वा गर्न लागेको भए उक्त उपकरणको मूल्य वा प्रास्तावित मूल्य सप्लायर्सको नाम र सप्लायर्ससँग सम्झौता भएको भए सो को मुख्य मुख्य बूँदाहरु :** सो नभएको ।

(च) **कुनै पार्टीसँग प्रतिलिपि अधिकार ट्रेडमार्क इजाजतपत्र रोयल्टी सहकार्य सम्बन्धमा वा वित्तीय वा प्राविधिक सम्झौता गरिएको भए सो को प्रमुख शर्तहरु र पार्टीको नाम ठेगाना सम्बन्धी विवरण:** सो नभएको ।

(छ) **उत्पादन सम्बन्धी आयोजना भए सो को प्रकृति प्रयोगकर्ता प्रतिस्पर्धा लक्षित समूह, उत्पादन क्षमता विगत वर्षहरुको क्षमता उपभोग वा भविष्यमा गरिने क्षमता उपभोग सम्बन्धी विवरण :** सो नभएको ।

(ज) **आयोजनाको लागि आवश्यक कच्चा पदार्थको उपलब्धता र त्यसको श्रोत :** सो नभएको ।

(झ) **आयोजनाको लागि आवश्यक हुने विद्युत, पानी, ग्यासको मात्रा र त्यसको श्रोत :** सो नभएको ।

(ञ) **सार्वजनिक निष्काशनको लागि गरिने खर्च प्रमुख रुपमा देहायमा उल्लेखित पक्षहरुलाई दिने शुल्कहरु छुट्टाछुट्टै रुपमा प्रस्तुत गर्नु पर्ने ।**

(अ) निष्काशन तथा बिक्री प्रबन्धक – रु.१,००,०००/–
(आ) ट्रष्टी (डिवेन्चर निष्काशनको हकमा)– निष्काशन गरिने डिवेन्चर नभई साधारण शेयर भएको ।
(ई) प्रत्याभूतिकर्ता शुल्क – रु.३०,०००
(इ) विज्ञहरुको पारिश्रमिक वा सेवा शुल्क – नभएको ।
(उ) लेखापरिक्षकको शुल्क – कुनै शुल्क भुक्तानी नगरिएको ।
(ऊ) अन्य - नभएको ।

**ग.१०.ग. सार्वजनिक निष्काशनबाट प्राप्त रकमलाई आयोजनामा प्रयोग गर्न पूर्व अन्य कुनै व्यवस्था गर्न लागिएको छ भने तत्सम्बन्धी विवरण:** सो नभएको ।

**ग.१०.घ. प्रिमियममा धितोपत्र जारी गर्ने भएमा :** प्रिमियम शेयर जारी गर्ने नभएको ।

**ग.१०.ङ. धितोपत्रको बाँडफाँट, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी विवरण :**

(क) **अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँटको प्रकृया :** यस विवरणपत्र मार्फत जारी गरिएको साधारण शेयर संख्या भन्दा बढी संख्यामा साधारण शेयर खरिदको लीग दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको प्रचलित “धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४” मा भएको व्यवस्था अनुसार साधारण शेयरहरु बाँडफाँड गरिनेछ र शेयर बाँडफाँड सम्बन्धी सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ ।

१. शेयर बाँडफाँट गर्दा सर्बप्रथम सबै आवेदकलाई दश कित्ताको दरले बाँडफाँड गरिने छ ।
२. बुँदा (१) बमोजिम बाँडफाँड गरे पश्चात बाँकी रहेको निष्काशित शेयर बीस वा सो भन्दा बढी कित्ता आवेदन गर्ने आवेदकहरुलाई पुन: दश कित्ताको दरले बाँडफाँड गरिने छ ।
३. बुँदा (२) बमोजिम शेयर बाँडफाँडको प्रकृया सम्पन्न भएपश्चात् धितोपत्र बाँकी भएमा सोहि प्रकृया अपनाई बाँडफाँड गरिने छ ।
४. उपरोक्तानुसार शेयर बाँडफाँट गर्दा १० कित्ताका दरले सबै आवेदकहरुलाई बाँडफाँड गर्न अपुग हुने अवस्थामा न्यूनतम दश कित्ता पाउने गरि गोला प्रथाबाट आवेदक छनौट गरि गरिने छ ।
५. शेयर बाँडफाँड सफ्टवेयर तथा बाँडफाँड तालिकाका सम्बन्धमा बोर्डको सहमति लिईनेछ ।
६. शेयर बाँडफाँडको जानकारी बाँडफाँड गरेको भोलीपल्टसम्ममा बोर्ड, धितोपत्र बजार तथा सर्वसाधाारण लाई जानकारी गराइने छ ।

(ख) **अत्याधिक माग भएको वा बाँडफाँड नभएको अवस्थामा फिर्ता भुक्तानी सम्वन्धी व्यवस्था:** शेयर वापतको आवेदन लिने कार्य धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धि निर्देशिका, २०७३ (आस्बा) मा भएको व्यवस्था बमोजिम सहभागि बैंकबाट हुनेछ । उक्त निर्देशिकाको व्यवस्था बमोजिम आवेदकको खातामा नै आवेदन रकम रोक्का राखिने भएकोले शेयरको अत्याधिक माग भई प्रत्येक आवेदकले माग गरे बमोजिमको शेयर बाँडफाँड गर्न नसकिने अवस्थामा निजलाई बाँडफाँड भएको शेयर वापतको रकम मात्र माग गरी बाँकी रकम सोही खातामा रोक्का कानुन बमोजिम सहभागि बैंकबाट नै रोक्का फुकुवा हुने व्यवस्था मिलाईनेछ ।

(ग) **निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने व्याजदर :** “धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४” ले निर्धारित गरेको समय भित्र शेयरको बाँडफाँडपत्र तथा रकम फिर्ता भुक्तानी दिन नसकिएमा शेयरको विक्री बन्द भएको मिति देखि रकम फिर्ता भुक्तानी दिन शुरु गरेको अघिल्लो दिनसम्मको सरकारी ऋणपत्रको प्रचलित अन्तिम व्याजदरको आधारमा हुन आउने व्याज सहित हिसाव गरी रकम फिर्ता भुक्तानी गरिने व्यवस्था रहेकोमा यस निष्काशनमा धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धि निर्देशिका, २०७३ (आस्बा) ले गरेको व्यवस्था बमोजिम आवेदन माग गर्नुपर्ने भएको, जसअनुसार आवेदककै बैंक खातामा रकम रोक्का हुने व्यवस्था रहेको ।

(घ) **धितोपत्रको बाँडफाँट तथा प्रमाणपत्र जारी सम्वन्धी प्रकृया र समयावधी :** निष्कासन गरिने साधारण शेयर “धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४” मा व्यवस्था भए अनुसार बाँडफाँड गरी सूचिकरण भए पश्चात् “धितोपत्र केन्द्रिय निक्षेप सेवा नियमावली, २०६७” को नियम २४ को उपनियम ७ बमोजिम सम्बन्धित शेयरधनीको हितग्राही खातामा अभौतिक रुपमा शेयर जम्मा गरी गरिनेछ ।

(ङ) **धितोपत्र सूचिकरण भैसकेको भए त्यस्तो धितोपत्र सूचिकरण गरिएको धितोपत्र बजारको नाम धितोपत्र कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्बन्धि विवरण :** सो नभएको ।

(च) **धितोपत्र सूचिकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा विक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरीदरबिक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण :** यस विवरणपत्र अनुसार जारी गरिएको साधारण शेयरहरु धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा भएको व्यवस्था बाँडफाँड गरी दोस्रो वजारमा कारोवार हुने व्यवस्थाको लागि नेपाल स्टक एक्सचेञ्ज सुचीकरण गराई कारोवार हुने व्यवस्था मिलाइनेछ ।

**ग.१०.च. प्रत्याभूति सम्बन्धी विवरण :**

(क) **धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकम :**

यस विवरणपत्र मार्फत निष्काशन गर्न लागिएको धितोपत्र मध्ये ५० प्रतिशत ले हुन आउने ८२,५०० कित्ता साधारण शेयरको लागि सिद्धार्थ क्यापिटल लिमिटेडबाट प्रत्याभूति प्रदान गराईएको छ ।

(ख) **धितोपत्र प्रत्याभूतिकर्तासँग गरिएको सम्झौताको मुख्य मुख्य बूँदाहरु :**

यस विवरणपत्र मार्फत निष्काशन गर्न लागिएको धितोपत्रको प्रत्याभूतिकर्तासँग मुख्य बुँदाहरु देहाय बमोजिम रहेको छ ।

१. प्रत्याभूतिकर्ताले ८२,५०० कित्ता शेयरहरुको लागि प्रत्याभूति सेवा प्रदान गरेको छ ।
२. प्रत्याभूतिकर्तालाई प्रत्याभूति सेवा प्रदान गरे वापत वित्तीय संस्थाले रु ३०,०००/- कमिशनको रुपमा दिइने छ ।

३. यस विवरणपत्र अनुसार जारी गरिने साधारण शेयरहरुमा प्रत्याभूतिकर्ताको दायित्व प्रत्याभूतित कित्ता शेयरहरुमा मात्र सीमित हुनेछ ।
४. यस विवरणपत्र अनुसार जारी गरिने साधारण शेयरहरु पूर्ण रुपमा बिक्री नभएमा माथि उल्लेखित प्रत्याभूतित कित्ता शेयरहरुमा सीमित हुने गरी खरीद गर्ने सहमती जनाएको छ ।
५. यस सम्झौता पत्रको अवधि निष्काशन तथा विक्री प्रबन्धक सम्बन्धि कार्य समाप्त नभइन्जेल सम्म मात्र हुनेछ ।
६. यस विवरणपत्र अनुसार जारी गरिने साधारण शेयरहरु पूर्ण रुपमा बिक्री भएको जानकारी प्राप्त पश्चात सम्झौता पत्र स्वत: खारेज हुनेछ ।
७. उक्त अवधिमा कुनै विवाद उत्पन्न भएमा आपसी सम्झदारीमा समाधान गरिनेछ तर सम्झदारीमा आउन नसक्ने अवस्थामा मध्यस्तकर्ताको सहभागितामा समाधान गरिने छ ।

**ग.१०.छ. आवेदन दिंदा ध्यान दिनु पर्ने कुराहरु :**

**(क) धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी विवरण :** यस विवरणपत्र अनुसार निष्कासन गरिएका शेयरको बाँडफाँडमा परेका शेयरधनीहरुको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी व्यवस्था प्रचलित कानून अनुसार हुनेछ ।

**(ख) नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सक्ने हो सो सम्बन्धी विवरण :**
१. यस संगठित संस्थाको प्रबन्धपत्र तथा नियमावली कार्यालय समय भित्र कम्पनीको रजिष्टर्ड कार्यालय सि.न.पा. १२, भैरहवा, रुपन्देही वा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौंमा सम्पर्क राखि हेर्न वा प्राप्त गर्न सकिनेछ ।
२. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर खरिदका लागि दरखास्त दिँदा दरखास्तवालाले दरखास्तसाथ आफुले खरिद गर्न चाहेको साधारण शेयर संख्याको प्रति साधारण शेयर रु.१००/–का दरले हुन आउने एकमुष्ट रकम धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धि निर्देशिका, २०७३ ले गरेको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त सहभागी बैंक तथा वित्तिय संस्थामा रहेको आफ्नो खातामा रोक्का राखी आस्बा प्रणाली मार्फत आवेदन गर्न सकिनेछ ।
३. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको लागि न्युनतम १० कित्ता तथा सो ले भाग जाने संख्यामा अधिकतम ८२० कित्ताका लागि आवेदन दिन सकिने छ ।

**(ग) आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहकको परिचय नम्बर र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोबार गरिनुपर्ने जस्ता पक्षहरु :** नेपाली नागरिकले यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर खरिदका लागि आवेदन दिँदा निम्न बमोजिमका प्रकृया तथा शर्तहरु पुरा गरेको हुनु पर्नेछ :
१. धितोपत्र खरिद गर्नका लागि दरखास्त दिन चाहनेले नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई आस्वा (ASBA) सेवामा सहभागी बैक तथा वित्तीय संस्थाहरुबाट आवेदन दिन सकिनेछ ।
२. आवेदकले आवेदन फारममा तोकिए बमोजिमका सम्पूर्ण विवरण भरी आफैले दस्तखत गरी बुझाउनु पर्नेछ ।
३. दरखास्त दिँदा नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त आस्वा सदस्यले तोकेको ढाँचामा "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" को दफा २४ मा उल्लेख भए बमोजिम देहायका विवरणहरु उल्लेख गरी दरखास्त दिनु पर्नेछ ।
(क) आवेदकको पुरा नाम (नेपाली तथा अंग्रजी दुबैमा),
(ख) आवेदकको बाबु, आमा तथा बाजेको नाम,
(ग) आवेदक विवाहित भएमा श्रीमान वा श्रीमतीको नाम,
(घ) आवेदकको स्थायी ठेगाना,
(ङ) आवेदकको सर्म्पक ठेगाना र टेलिफोन वा मोबाइल नम्बर,
(च) आवेदकको खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम, ठेगाना तथा खाता नम्बर,
(छ) धितोपत्र अभौतिकिकरण गर्ने (डिम्याट खाता नम्बर) अनिवार्य रुपमा खुलाउनु पर्ने,
(ज) आवेदकले लिन चाहेको शेयर संख्या तथा सो बापत जम्मा गरेको रकम,
(झ) आवेदकको हस्ताक्षर (नावालकको हकमा अभिभावकको हस्ताक्षर)

४. आवेदन फारम बुझाउँदा दरखास्त फारममा न्यूनतम रुपमा खुल्नुपर्ने भनी तोकिएका विवरणहरु सबै स्पष्ट रुपमा भरेको दरखास्त फारम बुझाउनु पर्नेछ ।
५. एक व्यक्तिले आफुले लिन चाहेको सम्पूर्ण शेयरको लागि एकवटा मात्र आवेदन गरेको हुनु पर्नेछ । यदि एकै व्यक्तिले एक भन्दा बढी आवेदन दिएको भेटिएमा निजले दिएको सबै आवेदनहरुलाई रद्द गरिनेछ ।
६. आवेदकले स्वेच्छिक रुपमा प्यान **(PAN No.)** नम्बर दरखास्त फारममा खुलाउन सक्नेछन् ।

**ग.११. सम्बन्धित पक्ष बीचको कारोबार सम्बन्धी विवरण :**

**निष्काशनकर्ता संगठित संस्था र निम्न लिखित पक्ष बीच विगत २ बर्षको अवधिमा कुनै प्रकारको बस्तुगत कारोवार भएको वा कुनै कारोवार गर्न प्रस्ताव गरिएको भए कारोवारमा संलग्न व्यक्तिहरुको नाम, तिनीहरुको संगठित संस्था सँगको सम्बन्ध, कारोबारको प्रकृति र रकम :**

(क) **संगठित संस्थाको कार्यकारी अधिकृत वा संचालकको रुपमा रहेको ब्यक्ति :** कारोबार नभएको ।

(ख) **आधारभूत शेयरधनी :** कारोबार नभएको ।

(ग) **खण्ड (क) र (ख) मा उल्लेखित कुनै ब्यक्तिको एकाघर परिवारको सदस्य :** कारोबार नभएको ।

(घ) **संगठित संस्थाको कार्यकारी अधिकृत वा संचालक वा आधारभूत शेयरधनीले ३० प्रतिशत वा सो भन्दा बढी मताधिकार हुने गरी शेयर स्वामित्व ग्रहण गरेको कम्पनी वा संगठित संस्था :** सो नभएको ।

(ङ) **संगठित संस्था वा त्यसको सहायक कम्पनीले हालको संचालक वा नीजको एकाघरको परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्झौता गरेको छ भने सो वा विवरणपत्र प्रकाशन गर्नु भन्दा ३ बर्ष अगाडिको अवधिमा संस्थाको संचालक वा संचालकको एकाघर परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्झौता गरेको भए सो कुरा :** कुनै कारोवार वा सम्झौता गरेको छैन ।

(च) **कुनै संचालक वा संचालकको एकाघर परिवारको सदस्यलाई कुनै ऋण दिएको वा निजसँग लिएको भए उक्त ऋण सम्बन्धी विस्तृत विवरण जस्तै ऋण बापत लिएको रकम, ऋणको ब्याजदर, ऋण लिएको मिति, ऋण भुक्तानी अवधि आदि कुरा विवरणपत्रमा खुलाउनु पर्ने :** ऋण कारोबार गरेको छैन ।

**ग.१२. विदेशी लगानी र ब्यबस्थापन सम्बन्धी विवरण :**

**विदेशी लगानी र ब्यबस्थापनमा संगठित संस्था संचालन हुने भए सो को विवरणका साथै सम्बन्धित सम्झौताको मुख्य तथा तात्विक बुँदाहरु :** कम्पनीमा विदेशी लगानी र विदेशी ब्यबस्थापनमा नरहेको ।

**ग.१३. सूचीकृत संगठित संस्थाले सार्वजनिक निष्काशन गर्ने भएमा देहायको विवरण उल्लेख गर्नु पर्ने :**

(क) **संगठित संस्थाको विगत ३ आर्थिक बर्षको प्रत्येक त्रैमासिक अवधिको उच्चतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोवार भएको शेयर संख्याः** निष्काशनकर्ता कम्पनी सूचीकृत संगठित संस्था नभएको ।

(ख) **बोर्डमा विवरणपत्र दर्ताको लागि प्रस्तुत गर्नु भन्दा ६ महिना अगाडिको अवधिको मासिक रुपमा उच्च, न्यून र अन्तिम मूल्यका साथै प्रत्येक महिनामा कारोवार भएको कुल दिन र कुल कारोबार भएको धितोपत्रको संख्या :** नभएको ।

**ग.१४. पछिल्लो सार्वजनिक निष्काशनको अनुमान तथा उपलब्धी सम्बन्धी विवरण :**

**संगठित संस्थाले यस भन्दा अगाडी धितोपत्र निष्काशन गर्दा तयार गरेको विवरणपत्र वा अन्य विवरणहरुमा उल्लेखीत गरिएका लक्ष्य तथा कार्यक्रमहरु तथा खुद मुनाफा हासिल गर्न सके/नसकेको, नसकेको अवस्थामा लक्ष्य तथा कार्यक्रमका साथै विवरणपत्र वा अन्य विवरणहरुमा प्रक्षेपित खुद मुनाफा भन्दा बीस प्रतिशत वा सो भन्दा बढीले न्यून हुन गएको भए यसरी फरक पर्नाको कारण :** हाल सम्म कुनै सार्वजनिक निष्काशन नगरिएको ।

**ग.१५. परामर्शदाता/ बिशेषज्ञ सम्बन्धी विवरण :**

(क) **लेखापरिक्षक, प्रमुख बैंक, निष्काशन कार्यसँग संलग्न बैंक, प्रक्षेपित वित्तीय विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञ आदिको नाम तथा ठेगाना :**

अ) कम्पनीको आ.व.२०७३/७४ को आम्दानी खर्च हिसाब तथा वासलातको लेखापरीक्षण प्रमोद पन्थी एण्ड एसोसियट्सका चार्टड एकाउण्टेन्ट सि.ए. प्रमोद पन्थीले गर्नुभएको छ ।
आ) यस निष्काशनको लागि प्रमुख बैंकको ब्यबस्था गरिएको छैन ।
इ) यस विवरणपत्र मार्फत निष्काशीत साधारण शेयरहरुको निष्काशन बैंक (Banker to the Issue) को रुपमा सिद्धार्थ बैंक लिमिटेड, हात्तिसार, काठमाण्डौं लाई तोकिएको छ ।

ई) यस विवरणपत्रमा उल्लेख गरिए बमोजिम तयार गरिएको वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु पुनरावलोकन गरी सो आधारमा तयार गरिएका वित्तीय प्रक्षेपणका विवरण यथार्थपरक रहेको भनी प्रमाणित गर्ने विशेषज्ञमा श्री आर.के.एस. एण्ड एसोसियट्सका एफसिए श्री राजेश कुमार शाह हुनुहुन्छ ।

(ख) **माथि खण्ड (क) मा उल्लेखित संस्था वा व्यक्तिसँग भएको सहमतिका मुख्य मुख्य बुँदा तथा शर्तहरु** : सो नभएको ।

**ग.१६. आयोजना सम्पन्न गर्नको लागि सार्वजनिक निष्काशन बाहेक अन्य वित्तीय श्रोतहरु प्रयोग गरिएको छ/छैन, तत्सम्बन्धी विवरण** : सो नभएको ।

**ग.१७. मुद्दा तथा विवाद सम्बन्धी विवरण :**

(क) **संगठित संस्थाको तरलता, मौज्दात, कार्य संचालनमा तात्विक असर पर्ने खालको कुनै मुद्दामामिला वा विवाद भए सो सम्बन्धी विवरण तथा उपरोक्त मुद्दा वा विवादको कारणबाट पर्न सक्ने प्रभाव सम्बन्धमा व्यवस्थापनको धारणा** : सो नभएको ।

(ख) **संगठित संस्थालाई असर पर्ने गरी संस्थाको संस्थापक/संचालकले वा लाई दायर गरिएको मुद्दा सम्बन्धी विवरण** : सो नभएको ।

(ग) **विगत पाँच वर्षमा संगठित संस्थाको कुनै संस्थापक/सञ्चालक कालो सूचीमा परेको वा कुनै नैतिक वा आर्थिक कारणबाट कुनै नियमन निकाय वा अदालतले सजाय गराएको भए, त्यस्तो संस्थापक/संचालकको नाम र सजाय गर्ने नियमन निकाय वा अदालतको नाम उल्लेख गर्नुपर्ने** : सो नभएको ।

(घ) **संगठित संस्था बैंक वा वित्तीय संस्थामा ऋण नतिरी डिफल्ट भएको, नियम अनुसारको शुल्क नतिरेको, धितोपत्रवालाहरुको कुनै रकम भुक्तानी नगरिएको भए तत्सम्बन्धी विवरणहरु** : सो नभएको ।

**ग.१८. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :**

निष्काशित धितोपत्र सम्बन्धि लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालयमा एक विशेष कक्षको व्यवस्था गरिएको छ । लगानीकर्ताहरुले देहायको माध्यम मार्फत आफ्नो गुनासो तथा सुझावहरु श्री सुजन बाबु अधिकारीलाई फोन नं.:४४२०९२४ मार्फत सम्पर्क गरी प्रेषित गर्न सक्नेछन् ।

**ग.१९. नगद नलिई कसैलाई धितोपत्र निष्काशन गरिएको छ भने त्यस्तो व्यक्ति वा समूहको नाम, खरीद गरिएको सम्पत्ति वा सेवा सम्बन्धी विवरण, निष्काशन गरिएको धितोपत्रको संख्या र दर सम्बन्धी विवरण** : सो नभएको ।

**ग.२०. ऋणपत्र निष्काशन सम्बन्धी विवरण** : हालसम्म कम्पनीले ऋणपत्र जारी गरेको छैन ।

**ग.२१. अग्राधिकार शेयर निष्काशन सम्बन्धी विवरण** : सो नभएको ।

**ग.२२. अन्य सामान्य जानकारी :**

(क) **विशेषज्ञको कुनै राय भएमा, सो को विवरण** : सो नभएको ।

(ख) **गत तीन आर्थिक वर्ष भित्रमा कुनै संचालक, लेखापरीक्षक परिवर्तन भएको भए, सो को कारण** : नभएको ।

(ग) **कम्पनी सचिवको नाम, ठेगाना र योग्यता :**

पैंयुपाटा ८, बाग्लुङ्ग निवासी स्नातकोत्तर शैक्षिक योग्यता हासिल गरी, लघुवित्तीय क्षेत्रमा करिव १६ वर्ष भन्दा बढिको कार्य अनुभव भएका श्री प्रेम बहादुर पाठक यस कम्पनीको कम्पनी सचिवको रुपमा कार्यरत रहनुभएको ।

(घ) **सार्वजनिक निष्काशन गर्नका लागि संचालक समितिबाट भएको निर्णय सम्बन्धी विवरण :**

वित्तीय संस्थाको तत्काल जारी गरिने ५,५०,००० कित्ता मध्ये सर्वसाधारणको लागि छुट्टाइएको ३० प्रतिशत १,६५,००० कित्ता शेयर निष्काशन प्रयोजनार्थ नेपाल धितोपत्र बोर्ड समक्ष निवेदन पेश गर्ने लगायत योसँग सम्बन्धि आवश्यक सम्पूर्ण प्रकृयाको लागि प्रमुख कार्यकारी अधिकृतलाई अख्तियारी प्रदान गर्ने निर्णय सर्वसम्मतबाट पारित भयो ।

(ङ) **संगठित संस्था वा यसका शेयरधनीलाई कुनै विशेष कर सुविधा दिइएको भए, सो सम्बन्धी विवरण** : नभएको ।

**(च) संगठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ र समय :**

कार्यालय समयभित्र निम्नलिखित स्थानहरुमा कम्पनीको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाव तथा नगद प्रवाहको विवरण प्राप्त गर्न वा निरीक्षण गर्न सकिनेछ ।

१. कम्पनीको रजिष्टर्ड (केन्द्रीय) कार्यालय, सि.न.पा. १२ भैरहवा, रुपन्देही ।
२. धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक श्री सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौ ।

**(छ) बोनस शेयर सम्बन्धी व्यवस्था :**

हालसम्म बोनस शेयर जारी गरिएको छैन । भविष्यमा प्रचलित ऐन र नेपाल धितोपत्र बोर्डको प्रचलित बोनस शेयर निष्काशन सम्बन्धी व्यवस्था अनुसार बोनस शेयर जारी गर्न सक्नेछ ।

**(ज) शेयरवाला, कर्मचारी वा अरु कसैको लागि शेयर सुरक्षित गर्ने व्यवस्था गरिएको भएमा सो कुरा :**

यस विवरणपत्रद्धारा निष्काशन गरिएको प्रति साधारण शेयर रु.१००।– अङ्कित मूल्य (Par Value) का कुल १,६५,००० कित्ता साधारण शेयर संख्याको ४% अर्थात ६,६०० कित्ता साधारण शेयरहरु माइक्रोफाइनान्स वित्तीय संस्थाको सेवामा रहेका कर्मचारीहरुका लागि छुट्याएर सुरक्षित राखिएको छ र साथै कुल १,६५,००० कित्ता साधारण शेयर संख्याको ५% अर्थात ८,२५० कित्ता साधारण शेयरहरु सामूहिक लगानी कोषको निम्ति छुट्याएर सुरक्षित राखिएको छ । कर्मचारीहरुको लागि यसरी छुट्याइएको शेयर कर्मचारीबाट माग भई आएको हकमा सञ्चालक समितिले औचित्यपूर्ण तवरबाट बाँडफाँड गर्नेछ र कर्मचारीबाट सम्पूर्ण शेयरका लागि माग भई नआएको अवस्थामा बाँकी शेयरहरु सर्वसाधारणमा बाँडफाँड गरिनेछ ।

**(झ) कम्पनीले कम्पनी ऐनले गरेको व्यवस्थाहरु, आफ्नो कारोबारसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था पूर्ण पालना गरेको सम्बन्धमा गरेको उद्घोषण :**

कम्पनीले कम्पनी ऐन, २०६३ ले गरेको व्यवस्थाहरू आफूले गर्ने व्यवसायसंग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था तथा नियमन निकायहरुले दिएको निर्देशनहरुको पूर्णरुपमा पालना गरेको छ र सोही निर्देशनहरूको दायरा भित्र रहि कार्य गरिरहेको र यस विवरण-पत्रमा उल्लेख गरिएको विवरणहरूसमेत सोही अनुरुप तयार गरिएको हो भन्ने कम्पनीको उद्घोषण रहेको छ ।

**(ञ) धितोपत्र बिक्री वितरण सम्बन्धी व्यवस्था :**

प्रत्येक विकास क्षेत्रमा कम्तीमा एक दरखास्त फारम तथा विवरणपत्र वितरण र दरखास्त संकलन केन्द्र रहने छ । प्राथमिक निष्काशन प्रति बढ्दो आकर्षण तथा लगानीकर्ताको सहजतालाई मध्यनजर गरी सार्वजनिक निष्काशनको क्रममा दरखास्त संकलन केन्द्र यथेष्टमात्रामा हुने व्यवस्था गरीनेछ ।

**(ट) विवरणपत्र तयार गर्ने व्यक्तिको नाम, थर, शैक्षिक योग्यता र अनुभवको विवरण :**

यस विवरणपत्र तयार पार्ने व्यवसायिक संस्थामा बिक्री प्रबन्धक सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौं रहेकोछ ।

**(ठ) सकारात्मक पक्षहरु :**

- बैंकिङ्ग तथा वित्तीय क्षेत्रमा अनुभवी तथा दक्ष व्यवस्थापकहरुद्वारा संचालित ।
- स्थापनाको छोटो समयमै ग्राहक सुहाउँदो आकर्षक सेवा तथा कार्यक्रम साथै वित्तीय संस्थाको परिकल्पना अनुरुप स्थानीय स्तरमा सरल, सुलभ र सहज ढंगले आधुनिक तथा प्रविधियुक्त बैंकिङ्ग प्रणालीको विकास गर्न सकेको ।
- आर्थिक, राजनीतिक र प्रतिष्पर्धि बैंकिङ्ग व्यवसाय सुहांउदो रणनीति अवलम्वन गरी व्यवसाय विस्तार गर्न सफल रहेको ।

**(ड) शेयर रजिष्ट्रार सम्बन्धी व्यवस्था :**

नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचिकरण गरे पश्चात् शेयरको दाखिल खारेज, दस्तखत रुजु आदि सम्बन्धी कार्य यस कम्पनीको कार्यालयबाट वा कम्पनीको संचालक समितिले तोके बमोजिम शेयर रजिष्ट्रारको कार्यालयबाट हुने गरी व्यवस्था गरिनेछ ।

**(ढ) धितोपत्र बिक्री खुल्ला अवधि :**

यस विवरणपत्रद्वारा निष्काशन गरिएको साधारण शेयरको लागि आवेदन दिने अवधि १५ दिनको हुनेछ । आवश्यकता भन्दा बढी साधारण शेयरको लागि आवेदन पर्न आएमा कुनै पनि बखत साधारण शेयरको बिक्री बन्द गर्न सकिनेछ तर विवरणपत्रमा गरिएको व्यवस्था अनुसार कुनै पनि हालतमा ४ कार्य दिनभन्दा अगाडि शेयर खरीदको आवेदन लिने काम बन्द गरिने छैन ।

**(ण) क्रेडिट रेटिङ्ग सम्वन्धी विवरण :**

"क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ को उपनियम १(क) को व्यवस्था बमोजिम यस निष्काशनको क्रेडिट रेटिङ्ग गर्न नपर्ने ।

**ग.२३. यस विवरणपत्रमा प्रकाशित तथ्य तथा विवरणहरु ठीक दुरुस्त छन, सो मा कुनै फरक परेमा हामी संचालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने संचालक तथा विज्ञहरुको नाम तथा दस्तखत ।**

| क्र.स. | संचालकहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | अनिता (ढुंगाना) शाह | अध्यक्ष | |
| २. | खड्ग बहादुर राना | संचालक | |
| ३. | लोकनाथ नेपाल | संचालक | |
| ४. | मनोज उपाध्याय | संचालक | |
| ५. | तुलसीराम खनाल | संचालक | |

**ग.२४ निष्काशन तथा बिक्री प्रबन्धकको प्रस्तुत गरेको प्रतिबद्धता पत्र (ड्यु डेलिजेन्स् सर्टिफिकेट) को प्रति :**
संलग्न गरिएको ।

**ग.२५ विवरणपत्र, वित्तीय विवरण तथा अन्य कुनै कुरामा विज्ञले राय दिएको भए सो सम्बन्धी पत्र :** सो नभएको ।